# जिल्ला विकास समिति महासंघ नेपाल

## प्रगति विवरण

**आ.व. २०६७/०६८**

(२०६७ साल साउनदेखि २०६८ असार मसान्तसम्मको)

जिल्ला विकास समिति महासंघ नेपाल
सानेपा, ललितपुर

**२०६८ कार्तिक**

# विषय सुचि

*पृष्ठ नं.*

**दुईशब्द**

## भाग १

**प्रगति प्रतिवेदन**


| | | |
|---|---|---|
| १. | **पृष्ठभूमी** | १ |
| २. | **आर्थिक बर्ष २०६७/०६८ को यर्थाथ तथा प्रस्तावित बजेट** | १ |
| | २.१ स्थानीय विकास मन्त्रालय (Ministry of Local Development) | १ |
| | २.२ स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत पैरवी तथा लवी कार्यक्रमहरु | २ |
| | २.३ स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत क्षमता विकास कार्यक्रमहरु | २ |
| | २.४ आन्तरीक लगायत अन्य श्रोत | २ |
| | २.५ समग्र आय व्यय विवरण | ३ |
| ३. | **स्थानीय विकास मन्त्रालयको अनुदान रकमअन्तर्गत सम्पन्न कार्यक्रमहरु** | ३ |
| | ३.१ डाटावेश तयारी | ३ |
| | ३.२ केन्द्रीयस्तरमा अन्तरक्रिया | ३ |
| | ३.३ जिविस महासंघ डायरी प्रकाशन | ४ |
| | ३.४ अन्य कार्यक्रम | ४ |
| ४. | **स्थानीय शासन तथा सामुदायिक विकास** (LGCDP) **कार्यक्रमअन्तर्गत सम्पन्न कार्यक्रमहरु** | ५ |
| | ४.१ जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम | ५ |
| | ४.२ केन्द्रस्तरीय अन्तरक्रिया कार्यक्रम | ७ |
| | ४.१.१ राजनीतिक दलका वरिष्ठ नेताहरुसँगको भेटघाट | ७ |
| | ४.१.२ शान्तिपूर्ण र्‍याली तथा ४ दिने रिले अनशन | ८ |
| | ४.३ UCLG ASPAC को वार्षिक सदस्यता नवीकरण तथा सहभागिता | ८ |
| | ४.४ प्रकाशन तथा वितरण | ११ |
| | ४.५ सञ्चार माध्यमको परिचालन (Media Mobilization) | ११ |
| ५. | **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमअन्तर्गत क्षमता विकास कार्यक्रमहरु** | १५ |
| | ५.१ क्षमता अभिबृद्धि नीति तथा कार्ययोजनाको अन्तिम रुप दिने र कार्यान्वयन गर्ने | १५ |
| | ५.२ कार्यसमिति सदस्य तथा कर्मचारीहरुको तालिम कार्यक्रम सञ्चालन | १५ |
| | ५.३ जिविस महासंघ नेपालको वेबसाइड अद्यावधिक गर्ने | १५ |
| | ५.४ विभिन्न पुस्तकहरु खरीद गर्ने | १५ |
| | ५.५ आवश्यक उपकरणहरुको खरिद | १५ |
| ६. | **अन्य निकायहरुसँगको सहकार्यमा सम्पन्न कार्यक्रमहरु** | १५ |
| | ६.१ स्थानीय सरकारसम्बन्धी ग्लोवल मञ्च (Global Forum of Local Governemnt) | १५ |

६.२ उर्जा तथा वातावरणसम्बन्धी क्रियाकलापहरु १६
६.३ राजनीतिमा सिमान्तकृत महिलाहरुको सहभागिता अभिबृद्धि कार्यक्रम (UNDEF) १९
६.४ स्थानीयस्तरमा संघीयतासम्बन्धी बहस कार्यक्रम २०
६.५ स्थानीय तहको सेवा प्रवाहको वर्तमान अवस्था विश्लेषण अध्ययन २०
६.६ जिविस तथा नगरपालिकाको योजना तर्जुमा र निर्णय प्रक्रिया कार्यविधि समिक्षा र पुनःलेखन २१
६.७ स्थानीय निकायहरुको क्षमता विकास म्यानुअल तयारी तथा अभिमुखीकरण २१
६.८ युनिसेफ नेपालसँगको सहकार्य २१

७. **अन्तरराष्ट्रिय सम्बन्ध विस्तार** २२

८. **विभिन्न कार्यक्रममा सहभागिता** २३

९. **जिन्सी सामान व्यवस्थापन** २४

१०. **आय विवरण** २४


# भाग २
## आर्थिक वर्ष २०६८/०६९ को पारित कार्यक्रम तथा बजेट


१. **स्थानीय विकास मन्त्रालय अन्तर्गत** २६

२. **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत** २६

३. **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (क्षमता विकास कार्यक्रम)** २६

४. **उर्जा तथा वातावरणसम्बन्धी कार्यक्रम** २७

५. **अन्य कार्यक्रम** २७
५.१ युनिसेफ नेपालसँगको सहकार्य २७

६. **आर्थिक वर्ष २०६८/०६९ को कुल अनुमानित आय तथा खर्च विवरण** २८

***अनुसूची १:*** संयुक्त प्रेस विज्ञप्ति २९
***अनुसूचि २:*** स्थानीय सरकारका संघ/महासंघहरुको अपील ३०
***अनुसूचि ३:*** जिविस महासंघ नेपालको अपील ३२

# दुईशब्द

पूर्व निर्धारित दुईवर्षको समयावधिमा नेपाली जनतालाई संविधान दिन नसकेको कारण संविधानसभाको पहिलो एक वर्षको लागि थप गरिएको समयावधीमा समेत संविधान तयार हुन नसकेको र विगत १४ वर्षदेखि स्थानीय निकायहरुमा निर्वाचन हुन नसकेको हुँदा नेपाली जनताले लोकतान्त्रिक मूल्यमान्यताको व्यवहारिक अभ्यास गर्न नपाएको कुरा हामी सबैका सामुन्ने छर्लङ्ग छ । अझै राजनीतिक दलहरुका बीचमा साझा सहमति हुन नसकेको कारण थप गरिएको समयमा संविधान बन्न नसकी पुन पाँचबुँदे सहमतिका साथ तीन महिनाा लागि संविधानसभाको समयावधि थपिएको राजनीतिक पृष्ठभूमी हामी माझ छ ।

जिविस महासंघ नेपालको अन्तरराष्ट्रिय सम्बन्धमा विस्तार र प्रभावी हुँदै गईरहेको सन्दर्भमा स्थानीय निकायमा भने अनिर्वाचित सत्ताको हालिमुहाली र पटक पटकको वैठक पिच्छे परिवर्तन भैरहने सर्वदलीय संयन्त्रको जवाफदेहीताविहिन हुने अवस्थाले संविधानको धारा १३९ (१) र (२) को उल्लंघन भएको महशुस महासंघले गरेको छ । यस्तो अलोकतान्त्रिक स्थितिलाई वैधानिकरुपमा समाधान गर्ने प्रयासस्वरुप तीन ठूला दलका शीर्ष नेताहरुसंग भेटघाट गरी महासंघको अवधारणा पेश गर्ने प्रयास समेत गरियो, जसमध्ये एकीकृत नेकपा माओवादीका उपाध्यक्ष डा. बाबुराम भट्टराईसँग छलफल हुँदा आफ्नो पार्टीले स्थानीय निकायलाई सक्रीय बनाउन नसकेको राजनीतिक कम्जोरी भएको केन्द्रीय तहमा समेत समिक्षा भएको र आगामि दिनमा सो पार्टीले गहनरुपमा छलफल गरी स्थानीय निकायहरुको संवैधानिक व्यवस्थाका लागि छलफल गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभएको थियो । त्यसैगरी नेकपा एमालेका अध्यक्ष झलनाथ खनालसंगको भेटमा राष्ट्रिय संवेदनशीलका विषय जस्तै नागरिकता, रक्षा, मुद्रा आदि बाहेक स्थानीय तहमा अधिकार दिने पार्टीको नीति रहेको व्यहोरा जानकारी गराउनु भएको थियो ।

यस अवधिमा नेपाली कांग्रेसका सभापति सुशिल कोईराला र नेपाली कांग्रेस संसदीय दलका नेता श्री रामचन्द्र पौडेलसँग भेट गरी जिविस महासंघको स्थानीय सरकारसम्बन्धी धारणा प्रस्तुत गरेको थियो । कांग्रेसका सभापतिसँगको भेर्टमा जिविस महासंघ नेपालका अध्यक्ष ऋुषीराज लुम्साली, पूर्व अध्यक्ष माधव पौडेल, केन्द्रीय सदस्य भरतबहादुर खड्का र कार्यकारी महासचिव हेमराज लामिछानेको सहभागिता रहेको थियो । त्यसैगरी रामचन्द्र पौडेलसँगको भेटमा जिविस महासंघ नेपालको तर्फबाट अध्यक्ष ऋषिराज लुम्साली, पूर्व अध्यक्ष माधवप्रसाद पौडेल र कार्यकारी महासचिव हेमराज लामिछानेको सहभागिता रहेको थियो ।

स्थानीय निकायका तीनवटै संघ तथा महासंघहरुको संयुक्त आयोजनामा पहिलो चरण स्वरुप स्थानीय सरकारको संवैधानिक व्यवस्थाको ग्यारेण्टी र स्थानीय सरकारको ६ महिनाभित्र अन्तरिम निर्वाचनको माग गर्दै यही २०६८ साल जेष्ठ ११ गते माइतिघर मण्डला देखि नयाँ बानेश्वरसम्म शान्तिपूर्ण र्‍याली र ११ गते देखि १४ गतेसम्म रत्नपार्क शान्ति बाटिकामा २४ घण्टे रिले अनसन गरिएको र भविष्यमा पुनः विरोधका कार्यक्रमहरु सार्वजनिक गर्ने सहमति गरी सो अभियानमा स्थानीय सरकारको पक्षमा वकालति गर्ने सवै संघ संस्थाहरुलाई समेत ऐक्यवद्धता जनाई सहकार्य गर्न समेत आह्वान गर्ने गरी जेष्ठ १४ गते चार दिनको रिले अनसन कार्यक्रम सम्पन्न समेत गरिएको छ ।

सम्पन्न यस कार्यक्रममा सक्रीय सहभागिता जनाउनुहुने स्थानीय सरकार संघ महासंघका पदाधिकारी, सदस्यहरु, स्थानीय सरकारका निवर्तमान निर्वाचित जनप्रतिनिधिहरुप्रति कृतज्ञता सहित हार्दिक धन्यवाद दिन चाहन्छौ । कार्यक्रममा ऐक्यवद्धता जाहेर गर्नुहुने राजनीतिक दलका प्रतिनिधिहरु, संविधानसभाका माननीय सभासदहरु, पूर्व सांसदहरु, उपत्यका लगायतबाट स्थानीय सरकारका कर्मचारीहरु, नागरिक समाजका अगुवाहरु, बुद्धिजिवीहरु, मानव अधिकारकर्मीहरु, वकिल, पत्रकार, शिक्षक, विद्यार्थी लगायत सम्पूर्ण आम नागरिकहरुमा समेत हार्दिक आभार व्यक्त गर्दै आयोजक संस्थाको तर्फबाट धन्यवाद समेत दिन चाहन्छौं ।

स्थानीय स्वायत्त सरकारको संवैधानिक व्यवस्था र स्थानीय निकायको तत्काल गठनका लागि स्थानीय निकायका संघ तथा महासंघहरुले गत माघ महिनामा सम्मानननीय प्रधानमन्त्री माधव कुमार नेपाल, संविधानसभाका सम्मानननीय अध्यक्ष सुवासचन्द्र नेम्वाङ्ग, र संबैधानिक समितिका सभापति माननीय निलाम्वर आचार्यसँग ज्ञापन पत्र तथा मागपत्र पेश गरिएको थियो ।

जिविस महासंघ नेपालको आन्तरिक क्षमता विकास र राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा गरिने पैरवी र पक्षपोषणका लागि आर्थिक वर्ष २०६७/०६८ मा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, संयुक्त राष्ट्रसंघ प्रजातन्त्र कोष, संयुक्त राष्ट्र संघ विकास कार्यक्रम नेपाल, एसडिसी, लगायतका संस्थाहरुबाट प्राप्त भएको आर्थिक सहयोगहरु र अनुदान रकम निकै नै उपयोगी भएको जिविस महासंघ नेपालले महसुश गरेको छ । उक्त रकमबाट यस आर्थिक बर्षमा क्षमता विकास र पैरवी तथा लवीको क्षेत्रमा महासंघको भूमिका निर्वाह गर्न सहयोग पुगेको छ । तसर्थ जिविस महासंघ नेपालका तर्फबाट सवै सहयोगी निकायहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौ । आगामी दिनहरुमा समेत सवै सहयोगी संघ संस्थाहरुबाट जिविस महासंघ नेपाललाई निरन्तर सहयोग प्राप्त हुने कुरामा पूर्ण विश्वास प्रकट गर्न चाहन्छौं ।

त्यसैगरी यस आर्थिक वर्षमा सञ्चालन गरिएका कार्यक्रमहरुलाई सफल कार्यान्वयन गर्न सहयोग गर्नु हुने जिविस महासंघ नेपालका कार्यसमितिका पदाधिकारीहरु लगायत सचिवालयका सबै कर्मचारीहरुलाई धन्यवाद दिदै भविष्यमा समेत यस किसिमको सहयोग सबैपक्षबाट प्राप्त हुने पूर्ण विश्वास व्यक्त गर्दछौं ।

हेमराज लामिछाने
कार्यकारी महासचिव
जिविस महासंघ नेपाल

ऋषिराज लुम्साली
अध्यक्ष
जिविस महासंघ नेपाल

# भाग १
# प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

जिल्ला विकास समिति महासंघ नेपालले स्थापनाकाल देखि नै स्थानीय स्वायत्त शासन र विकेन्द्रीकरणका पक्षमा राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा वकालती तथा पक्षपोषण गर्दै आएको छ । त्यसैगरी सदस्य जिविसहरुको क्षमता विकासको क्षेत्रमा अभिमुखीकरण, तालिम, योजना तर्जुमामा सहजीकरण, स्थानीय निकायको क्षमता विकासका लागि निर्देशिका कार्यविधि तयारी लगायतका कार्यहरु गर्दै आएको छ । खासगरी जिविस महासंघ नेपालले देहायबमोजिमका क्षेत्रहरुमा नेपाल सरकार, दातृनिकायहरु लगायत विभिन्न गैरसरकारी तथा नीजि क्षेत्रका संघ संस्थाहरुसँग सहकार्य गर्दै आएको छ ।

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा वकालती तथा पक्षपोषण
(ख) जिविस महासंघ नेपालको संस्थागत विकास र क्षमता अभिबृद्धि
(ग) सदस्य जिविसहरुको क्षमता अभिवृद्धि कार्यक्रम

जिविस महासंघ नेपालले आर्थिक वर्ष २०६७/०६८ मा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सहभागिता जनाई राष्ट्रिय नीतिमा वकालति तथा पक्षपोषण गर्ने कार्य गरेको छ । यसैगरी स्थानीय विकास मन्त्रालय लगायत विभिन्न दातृ निकायहरु र आफ्नै आन्तरिक श्रोतबाट विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको छ । आ.व. ०६७/०६८ मा जिविस महासंघ नेपाललाई प्राप्त विभिन्न श्रोतहरुबाट सम्पन्न गरिएका कार्यक्रमहरुको प्रगती विवरण र आगामी आ.व. २०६८/०६९ को लागि कार्यक्रम तथा बजेट पेश गरिएको छ ।

## २. आर्थिक बर्ष २०६७/०६८ को प्रस्तावित तथा यथार्थ बजेट

### २.१ स्थानीय विकास मन्त्रालय (Ministry of Local Development)

| क्र.स. | कार्यक्रम | प्राप्त रकम रु. | यथार्थ खर्च रु. |
|---|---|---|---|
| १ | जिल्ला विकास समितिहरुको वित्तिय डाटावेश तयारी गर्ने | २५०,०००।०० | ६१,८४६।८७ |
| २ | केन्द्रियस्तरमा विभिन्न समसामयिक विषयमा अन्तरक्रियाहरु गर्ने | ९००,०००।०० | ९,००,०००।०० |
| ३ | जिल्ला विकास समिति महासंघ नेपालको वर्ष २०६८ को डायरी प्रकाशन तथा वितरण गर्ने | २५०,०००।०० | २,४५,६२५।९५ |
| ४ | अन्य विविध समसामयिक कार्यक्रमको संचालन गर्ने | २६६,०००।०० | २,५७,४८२।५० |
| | **जम्मा रु.** | **१६,६६,०००।००** | **१४,६४,९५५।३२** |

## २.२ स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत पैरवी तथा लवी कार्यक्रमहरु

| क.स. | कार्यक्रम | प्राप्त रकम रु. | यथार्थ खर्च रु. |
|---|---|---|---|
| १ | जिल्लास्तरीय २० वटा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने | १५,००,०००।०० | १५,०५,९२९।०० |
| २ | केन्द्रियस्तरमा ३ वटा अन्तरक्रिया कार्यक्रमहरु आयोजना गर्ने | २२५,०००।०० | ८५,८७२।३३ |
| ३ | युसिएलजिको वार्षिक सदस्यता तथा सहभागिता खर्च | २००,०००।०० | ३,३३,५४०।९२ |
| ४ | स्थानीय प्रजातन्त्र त्रैमासिक पत्रिका प्रकाशन/वितरण गर्ने | ३७५,०००।०० | ३,७४,६५७।७५ |
| ५ | रेडियो कार्यक्रम प्रसारण तथा मिडिया मोविलाइजेशन कार्यक्रम गर्ने | ३००,०००।०० | ३,००,०००।०० |
| | **जम्मा रु.** | **२६,००,०००।००** | **२६,००,०००।००** |

## २.३ स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत क्षमता विकास कार्यक्रमहरु

| क.स. | कार्यक्रम | प्रस्तावित रकम रु. | यथार्थ खर्च रु. |
|---|---|---|---|
| १ | क्षमता अभिवृद्धि नीति तथा कार्ययोजनाको अन्तिम रुप दिने र कार्यान्वयन गर्ने | २५०,०००।०० | २,२१,३७६।१३ |
| २ | कार्यसमिति सदस्य तथा कर्मचारीहरुको तालिम कार्यक्रम सञ्चालन | १५०,०००।०० | १५०,०००।०० |
| ३ | जिल्ला विकास समिति महासंघ नेपालको वेबसाइड अद्यावधिक गर्ने | ५०,०००।०० | - |
| ४ | विभिन्न पुस्तकहरु खरीद गर्ने | ५६,०००।०० | ३७,२९७।०० |
| ५ | आवश्यक उपकरणहरुको खरिद (यूपिएसको ब्याट्री, प्रिन्टर, जनरेटर, फर्निचर, कम्प्युटर आदि) | ४००,०००।०० | ४,९७,३२६।८७ |
| | **जम्मा रु.** | **९०६,०००।००** | **९,०६,०००।००** |

## २.४ आन्तरीक लगायत अन्य श्रोत

| क.स. | कार्यक्रम | प्रस्तावित रकम रु. | यथार्थ खर्च रु. |
|---|---|---|---|
| १ | आन्तरीक | ४४,१६,५२४।१५ | १४,१२,९४०।०३ |
| २ | वैकल्पिक उर्जा प्रवर्धन केन्द्र/ग्रामीण उर्जा विकास कार्यक्रमबाट नारी इकाई सञ्चालानार्थ खर्च र उर्जा सम्मेलन खर्च | २१,००,०००।०० | २१,४०,७४१।२८ |
| ३ | युएनडिपी | १६,९१,०००।०० | ११,४६,७४०।५८ |
| | **जम्मा रु.** | **८२,०७,५२४।१५** | **४७,००,४२१।८९** |

## २.५ समग्र आय व्यय विवरण

| क.स. | कार्यक्रम | प्रस्तावित रकम रु. | यथार्थ खर्च रु. |
|---|---|---|---|
| १ | स्थानीय विकास मन्त्रालय (Ministry of Local Development) | १६,६६,०००।०० | १४,६४,९५५।३२ |
| २ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत पैरवी तथा लवी कार्यक्रमहरु | २६,००,०००।०० | २६,००,०००।०० |
| ३ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत क्षमता विकास कार्यक्रमहरु | ९,०६,०००।०० | ९,०६,०००।०० |
| ४ | आन्तरीक तथा अन्य श्रोत | ८२,०७,५२४।१५ | ४७,००,४२१।८९ |
| | **जम्मा रु.** | **१,३३,७९,५२४।१५** | **९६,७१,३७७।२१** |

## ३. स्थानीय विकास मन्त्रालयको अनुदान रकमअन्तर्गत सम्पन्न कार्यक्रमहरु

यसै सिलसिलामा स्थानीय निकायका संघ महासंघ (गाविस राष्ट्रिय महासंघ, नेपाल नगरपालिका संघ र जिल्ला विकास समिति महासंघ नेपाल) लाई स्थानीय विकास मन्त्रालयबाट आ.व. २०६६/२०६७ का लागि एकमुष्ट रु. ५० लाख कार्यक्रम खर्च उपलब्ध गराईएको र तीनवटै स्थानीय निकायका संघ महासंघको आपसी सहमति अनुसार दामासाहीमा जिल्ला विकास समिति महासंघ नेपालले प्राप्त गरेको रु. १६ लाख ६६ हजार मध्येबाट देहायबमोजिम कार्यक्रमहरु सम्पन्न गरियो ।

### ३.१ डाटावेश तयारी

७५ वटै जिविसको आयव्ययको विश्लेषणात्मक डाटावेश तयार गर्न सहकार्य गर्ने गरी स्थानीय निकाय वित्तीय आयोगमा जिविस महासंघले प्रस्ताव पेश गरेकोमा सो प्रस्तावलाई वित्तीय आयोगले स्वीकृत प्रदान नगरेको र उक्त कार्यका लागि जिविस महासंघमा कार्यरत विज्ञ नवराज कोइराला २०६८ जेठ १ देखि महासंघमा कार्यरत नरहेको कारणले यो कार्य हाललाई आरम्भ गरिएको छ र सो कार्य पूर्णरुपमा सम्पन्न गर्न सकिएको छैन ।

### ३.२ केन्द्रीयस्तरमा अन्तरक्रिया

२०६८ जेठ ११ देखि असार १४ सम्मको स्थानीय निकायका तीनवटै संघ तथा महासंघहरुको संयुक्त आयोजनामा विभिन्न किसिमका कार्यक्रमहरु काठमाडौंमा सञ्चालन गरिएको थियो । यसको विस्तृत विवरण अनुसूची १ र २ मा राखिएको छ । साथै जिविस महासंघको २०६८ जेठ १६ र १७ गते काठमाडौंमा बसेको कार्यसमिति वैठकले देहायका निर्णयहरु गरेको छ ।

हाल स्थानीय सरकारलाई प्राप्त अधिकार, संविधानसभामा प्रस्तावित व्यवस्था र जिविस महासंघ नेपालको प्रस्तावित व्यवस्थाको ३ महले दस्तावेज तयार गर्ने । सोका लागि कार्यकारी महासचिव लगायत अधिवक्ता/संविधान विद्, समाजशास्त्री, अर्थशास्त्री र भूगोल विद् रहेको एक अध्ययन टोली गठन गर्ने । साथै उक्त तयार पछि तीनवटै संघ/महासंघमा छलफल गर्ने र सहमति गरी प्रकाशन गर्ने, पार्टीका प्रमुख/स्थानीय विभाग प्रमुखलाई भेट र पहल गर्ने, तयार पारिएको प्रतिवेदन ७५ जिल्ला, ५८ नगरपालिका र ७५ गाविस महासंघ जिल्ला शाखालाई पठाउने, जिल्ला तहमा जाने लगायत २०६८ असार १५ - श्रावण १५ सम्म दलका विभाग प्रमुख, प्रमुख सचेतक र सचेतक,

सभासद, पत्रकार, संघ/महासंघ, सरोकारवालाहरुको बीच छलफल गर्ने (श्रावण २०) र देशभरका वडा सदस्यसम्मलाई आन्दोलनमा सहभागिताको लागि अपील प्रकाशन गर्ने जस्ता निर्णयहरु गरेको छ ।

साथै लामो समयदेखि स्थानीय निकायहरु जनप्रतिनिधिविहिन भएको हुँदा अन्तरिम संविधान, २०६३ को धारा १३९ (१) अनुसार अविलम्ब अन्तरिम स्थानीय निकायको निर्वाचनका लागि नेपाल सरकारलाई दवाब दिन निर्वाचनको माग गर्दै सम्मानित सर्वोच्च अदालतमा रिट दायर गर्ने समेत निर्णय भयो । यसका अतिरिक्त निर्वाचनको माग गर्दै प्रधानमन्त्री, अर्थमन्त्री, विपक्षी नेता, पार्टी नेता भेट्ने, राजनीतिक दल र तिनका भातृ संगठनहरुलाई सहयोगका लागि ऐक्यवद्धताका लागि अपील गर्ने, काठमाडौंमा भेला आयोजना गर्ने जनप्रतिनिधि/पार्टी कार्यकर्ता बढी उपस्थिति गराउने, विवाद समाधान उपसमिति र अन्य सम्बद्धसँग दवाब स्वरुप भेट गर्ने, सुनुवाई नहुने स्थितिमा धर्ना, गिरफ्तारी र अनसनका कार्यक्रम घोषणा गर्ने र मस्यौदा पछि छुटेको विषय संलग्न गर्न ७५ वटै जिल्लामा योजनाबद्ध रुपमा कार्यक्रमहरु गर्ने । संघ महासंघको कार्यक्रममा ऐक्यबद्धता जाहेर गर्न र सहकार्य गर्न मानव अधिकारवादी संस्था, नेपाल बार एशोसिएसन, गैसस महासंघ, वन उपभोक्ता महासंघ, नेपाल पत्रकार महासंघ, पूर्व सांसद मञ्च, महिला आयोग, आदिवासी जनजाति प्रतिष्ठान, दलित आयोग, मानव अधिकार आयोग, शिक्षक संघ/संगठन र कर्मचारी संगठनहरुलाई अनुरोध गर्ने ।

यसका अतिरिक्त निम्नानुसार पैरवी र वकालतीका कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय भएको छ ।

*कार्यक्रम विवरण (जेठ १८-असार ७)*

(क) अध्ययन, विश्लेषण र संस्लेषण

- विगतमा प्राप्त अधिकार/हाल प्रस्तावित अधिकार/जिविस महासंघले प्रस्ताव गरेको अधिकार ३ महले
- सन्दर्भ सामाग्रीहरु जोड्ने : ऐन, समिति प्रस्ताव, पिताम्बर र कृष्णमानको अध्ययन
- कार्यकारिणी/विधायिकी/न्यायिक/प्रशासनिक/आर्थिक (३ महले)
- जिल्ला सरकारको औचित्यता
- संरचनाको औचित्य

(ख) पैरवी, पक्षपोषण र वकालत (असार ८-श्रावण ८)

राजनीतिक दलका प्रमुख, विभागहरु संवैधानिक अंगका प्रमुख/समितिहरु, सरोकारवाला निकाय/पत्रकारिता/दातृ समुदाय

### ३.३ जिविस महासंघ डायरी प्रकाशन

जिल्ला विकास समिति महासंघ नेपालले बार्षिक रुपमा प्रकाशन गदै आएको जिविस महासंघ नेपालको डायरी २०६८ को २ हजार कपि प्रकाशन गरी सबै सरोकारवालाहरुमा वितरण गरिएको छ ।

### ३.४ अन्य कार्यक्रम

नेपाल सरकार तथा विभिन्न दातृ निकायबीच सम्झौता भई PDDP, LGP, DLGSP को क्रम पछि नयाँ कार्यक्रम मोडेलका रुपमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (Local

Governance and Community Development Programme LGCDP) स्थानीय विकास मन्त्रालयको समन्वय र नेतृत्वमा करिव तीनवर्ष देखि सञ्चालन हुँदै आएको छ । क्षेत्रगत विकास अवधारणा अनुरुप सञ्चालन गर्ने उद्देश्य राखेर शुरु गरिएको भनिए पनि यस कार्यक्रबाट विगतमा जिल्ला विकास समितिबाट गरिएको भन्दा भिन्दै तरिकाबाट सामाजिक परिचालन गर्ने तथा नागरिक त्यसमा पनि विपन्न वर्ग, लिङ्ग र समुदायको बढी वकालत गर्ने तथा गरिवी न्यूनीकरणलाई नै बढी केन्द्रित गर्न खोजिएको छ । शुरु देखि नै राज्यको पुनःसंरचनामा समेत ध्यान दिइनु पर्छ भन्ने आवाज उठाउँदा पनि दातृ निकाय र प्रशासकहरुको त्यस क्षेत्रमा हाल लगानी यस मन्त्रालय मार्फत नगर्ने भन्ने मनसायले कार्यक्रम स्वीकृत हुन सकेन । स्थानीय निकाका संघ/महासंघहरुलाई क्षमता अभिवृद्धि शीर्षकअन्तर्गत र भवन निर्माणका लागि लगानी गर्ने भनिएकोमा भवन निर्माणका लागि माग अनुसारको सहयोग प्राप्त नहुँदा अघि बढ्न सकेको छैन । केही साझेदार दातृ निकायहरुले सम्झौता अनुसार बजेट दिन ढिलाई गरेका र मन्त्रालयको सामाजिक परिचालनका लागि सहयोगी संस्था छनौट गर्ने निर्देशिका र संयन्त्र छनौट मै ढिलाईले गर्दा मध्यावधी समिक्षाको बेलासम्म पनि कार्यान्यनमा तीब्रता आउन सकेको देखिएको छैन । साथै राज्यको पुनःसंरचना र नयाँ संविधान निर्माणको प्रक्रिया चलिरहेको वर्तमान सन्दर्भमा स्थानीय सरकारको पुनःसंरचना तथा संवैधानिक व्यवस्था बारे बहस छलफल चलाउन उक्त कार्यक्रम मार्फत सरकार, राजनीतिक दल, संविधानसभा तथा सरोकारवालाहरुलाई माग तथा दवाब दिन आवश्यक छ । सदस्यता सामयिक र निरन्तर प्राप्त नहुने हाम्रो जस्तो संगठनमा कार्यक्रमको बजेट पनि वृद्धि गर्न दवाब दिइनु पर्ने देखिन्छ । राष्ट्रिय सल्लाहकार समितिमा प्रवक्ता कृष्णप्रसाद जैसी र LGCDP कार्यक्रम अन्तरगतको Local Government Accountability Facility (LGAF) समितिमा कार्यकारी महासचिव हेमराज लामिछानेले सहभागिता गर्दै आउनु भएको छ ।

## ४. स्थानीय शासन तथा सामुदायिक विकास (LGCDP) कार्यक्रमअन्तर्गत सम्पन्न कार्यक्रमहरु

### ४.१ जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम

नयाँ बन्ने नेपालको संविधानमा स्थानीय सरकारको संवैधानिक व्यवस्था र स्थानीय सरकार अन्तरगत जिल्ला सरकारको स्वरुप, ढाँचा, काम, कर्तव्य, अधिकार र राजश्व परिचालनका क्षेत्रहरुका बारेमा जिल्ला तहका राजनीतिक दल, नागरिक समाज, र पूर्व निर्वाचित स्थानीय निकाका पदाधिकारीहरुका बीचमा छलफल गरी जनमत संकलन गर्ने उद्देश्यका साथ जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिएको थियो । यसको विस्तृत विवरण देहायबमोजिम रहेको छ ।

| क्र.स. | जिल्ला | कार्यक्रम सञ्चालन गरिएको मिति | महासंघको प्रतिनिधि | सहभागी संख्या | मुख्य मुख्य सुझावहरु |
|---|---|---|---|---|---|
| १. | नुवाकोट | २०६७ फागुन १ | भरतवहादुर खड्का<br>जीवनवहादुर शाही | ४३ | |
| २. | बझाङ | २०६७ माघ १४ | ऋषिराज लुम्साली | ५६ | सहभागीहरुहरुले जिल्लातह राखिनु पर्ने कुरामा जोड दिएका |
| ३. | बाजुरा | २०६७ माघ २० | ऋषिराज लुम्साली | ६४ | प्रदेश कति बन्ने भन्ने कुरा स्पष्ट नभएको अवस्था जिल्लास्तरीय संरचना हटाउने हो भने जनताले झन कष्ट भोग्नुपर्ने हुन्छ । समग्रमा जिल्ला हटाउन तर्कपुर्ण छैन । |
| ४. | प्युठान | २०६७ फाल्गुण ९ | कृष्ण प्रसाद जैसी<br>बोम बहादुर खत्री | ४७ | जनताको नजिकको साथिको रुपमा रहेको जिल्ला तहलाई हटाउनु हुदैन । |
| ५. | रोल्पा | २०६७ फल्गुण २३ | कृष्णप्रसाद जैसी | ३५ | नागरिकता र पासपोर्ट गाउँबाटै |

| क्र.स. | जिल्ला | कार्यक्रम सञ्चालन गरिएको मिति | महासंघको प्रतिनिधि | सहभागी संख्या | मुख्य मुख्य सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | उपलब्ध गराउन सक्ने हो भने जिल्लाको भूमिकालाई पुन:परिभाषित गरिनु पर्दछ। |
| ६. | दार्चुला | २०६७ चैत्र १ | कृष्णप्रसाद जैसी | ५५ | स्थानीय तहमा जिल्ला नरहदा झन अप्ठ्यारो पर्दछ। जसले गर्दा जनताले झन दुख भोग्नु पर्दछ। |
| ७. | सिन्धुपाल्चोक | २०६७ चैत्र २३ | भरतबहादुर खड्का<br>हेमराज लामिछाने | ४४ | प्रदेश विभाजन हचुवाको भरमा नभई वैज्ञानिक ढंगबाट हुनु पर्छ। जति जिम्मेवारी दियो त्यत्तिनै व्यक्तिको क्षमता विकास हुन्छ। तसर्थ तल्लो स्तरमा विश्वास गर्ने र जिम्मेवारी थप गर्न सके मात्र तल्लोस्तरमा राम्रो सेवा प्रवाह हुन सक्छ। |
| ८. | दोलखा | २०६७ चैत्र २५ | भरतबहादुर खड्का<br>लालकुमार के.सी<br>हेमराज लामिछाने | ५६ | समन्वयकारी भूमिका खेल्ने गरी जिल्ला संरचना राख्नु पर्छ। |
| ९. | कालिकोट | २०६७ चैत्र २६ | ऋषिराज लुम्साली | ४४ | राज्यपुनसंरचना समितिले जिल्ला स्तरमा व्यापक छलफल चलाउन जरुरी छ। हचुवा निर्णय गर्दा जिल्ला हटाउने संवेदनशील विषयमा टुंगोमा पुग्न हुदैन। |
| १०. | धादिङ्ग | २०६८ वैशाख ५ | कृष्णप्रसाद जैसी<br>जगन्नाथ थपलिया | ४५ | हाल जिल्ला तहबाट प्राप्त हुने सेवाहरु जस्तै, नागरिकता, पासपोर्ट र जग्गा रजिष्ट्रेशन लगायत क्षमता विकासका थप सेवाहरु पनि गाँउस्तरबाट जनतालाई उपलब्ध गराउनु पर्ने हुन्छ। |
| ११. | गोरखा | २०६८ बैशाख ६ | कृष्णप्रसाद जैसी<br>जगन्नाथ थपलिया | ३३ | अहिले स्थानीय निकायमा आएको बजेटमा राजनीतिक दलहरुले आफनो हिस्सा लिन कतिपय अवस्थामा पार्टीनै फुटाउने होडबाजी समेत गरेको देखिन्छ। यसले जनताको नाममा आएको रकमको चरम दुरुपयोग भएको छ। त्यसैले जिल्ला तहको आवश्यकता रहेकोछ। |
| १२. | रसुवा | २०६८ बैशाख ७ | भरतबहादुर खड्का<br>हेमराज लामिछाने | ३० | जातिय आधारमा संघीयता बनाउनु हुदैन। जिल्ला तहको सरकारबाट सेवा प्राप्त गर्न जनताको अधिकार हो। |
| १३. | बाग्लुङ्ग | २०६८ बैशाख २१ | भरतबहादुर खड्का<br>चित्र बहादुर थापा<br>हेमराज लामिछाने | ४४ | प्रदेश सम्वन्धी वर्तमान प्रावधान अव्यवहारिक छ। यसका विषयमा व्यापक छलफल जरुरी छ। |
| १४. | म्याग्दी | २०६८ बैशाख २२ | भरतबहादुर खड्का<br>चित्र बहादुर थापा<br>हेमराज लामिछाने | ३८ | स्थानीय निकायहरु लोकतन्त्रका आधारभूत स्तम्भहरु हुन। यिनीहरुको जगेर्ना गर्नु हामी सबैको कर्तव्य हो। |

| क.स. | जिल्ला | कार्यक्रम सञ्चालन गरिएको मिति | महासंघको प्रतिनिधि | सहभागी संख्या | मुख्य मुख्य सुझावहरु |
|---|---|---|---|---|---|
| १५. | मुस्ताङ्ग | २०६८ बैशाख २५ | भरतबहादुर खड्का<br>हेमराज लामिछाने | ४२ | संघीयता बनाउनै पर्ने हो भने पाँच विकास क्षेत्रलाई आधार बनाएर पाँचवटा मात्रै बनाउनु पर्छ यो विवाद रहित हुनसक्छ ।<br>स्थानीय सरकारलाई संवैधानिक व्यवस्था गरी जिल्ला सरकारको क्षमता विकास गर्दै जनतालाई सेवा प्रवाह गर्नु पर्छ । |
| १६. | उदयपुर | २०६८ वैशाख २५ | माधव पौडेल<br>लिलानाथ श्रेष्ठ | ७१ | प्रतिवेदन प्राप्त नभएको |
| १७. | सिराहा | २०६८ बैशाख २६ | माधव पौडेल<br>लिलानाथ श्रेष्ठ | ८२ | प्रतिवेदन प्राप्त नभएको |
| १८. | इलाम | २०६७ फागुन १५ | अर्जुन राई | ५० | प्रतिवेदन प्राप्त नभएको |
| १९. | सुनसरी | २०६७ फागुन १६ | तुलसीप्रसाद न्यौपाने<br>किशोरचन्द्र दुवाल | ५४ | प्रतिवेदन प्राप्त नभएको |
| २०. | दाङ्ग | २०६८ वैशाख ९ | रमेश शर्मा | ६० | प्रतिवेदन प्राप्त नभएको |
| २१. | जुम्ला | २०६७ श्रावण ५ | तिर्थबहादुर बुढा | २९ | गतसाल सम्पन्न भएको |
| २२. | दैलेख | २०६७ असार १० | टेकबहादुर खाड | ६२ | गतसाल सम्पन्न भएको |
| २३ | मकवानपुर | २०६६ चैत्र | जगन्नाथ थपलिया | | गतसाल सम्पन्न भएको |

## ४.२ केन्द्रस्तरीय अन्तरक्रिया कार्यक्रम

### *४.१.१ राजनीतिक दलका वरिष्ठ नेताहरुसँगको भेटघाट*

जिविस महासंघ नेपालको अन्तरराष्ट्रिय सम्बन्धमा विस्तार र प्रभावी हुँदै गईरहेको सन्दर्भमा स्थानीय निकायमा भने अनिर्वाचित सत्ताको हालिमुहाली र पटक पटकको वैठक पिच्छे परिवर्तन भईरहने सर्वदलीय संयन्त्रको जवाफदेहीताविहिन हुने अवस्थाले संविधानको धारा १३९ (१) र (२) को उल्लंघन भएको महशुस महासंघले गरेको छ । यस्तो अलोकतान्त्रिक स्थितिलाई वैधानिकरुपमा समाधान गर्ने प्रयासस्वरुप तीन ठूला दलका शीर्ष नेताहरुसँग भेटघाट गरी महासंघको अवधारणा पेश गर्ने प्रयास समेत गरियो, जसमध्ये एकीकृत नेकपा माओवादीका उपाध्यक्ष डा. बाबुराम भट्टराईसँग छलफल हुँदा आफ्नो पार्टीले स्थानीय निकायलाई सक्रीय बनाउन नसकेको राजनीतिक कमजोरी भएको केन्द्रीय तहमा समेत समिक्षा भएको र आगामी दिनमा सो पार्टीले गहनरुपमा छलफल गरी स्थानीय निकायहरुको संवैधानिक व्यवस्थाका लागि छलफल गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभएको थियो । त्यसैगरी नेकपा एमालेका अध्यक्ष झलनाथ खनालसँगको भेटमा राष्ट्रिय संवेदनशीलका विषय जस्तैः नागरिकता, रक्षा, मुद्रा आदिमा बाहेक स्थानीय तहमा अधिकार दिइने पार्टीको नीति रहेको व्यहोरा जानकारी गराउनु भएको थियो ।

यस अवधिमा नेपाली कांग्रेसका सभापति सुशिल कोईराला र नेपाली कांग्रेस संसदीय दलका नेता श्री रामचन्द्र पौडेलसँग भेट गरी जिविस महासंघको स्थानीय सरकारसम्बन्धी धारणा प्रस्तुत गरेको थियो । कांग्रेसका सभापतिसँगको भेट कार्यमा जिविस महासंघ नेपालका अध्यक्ष ऋषिराज लुम्साली, पूर्व अध्यक्ष माधवप्रसाद पौडेल, केन्द्रीय सदस्य भरतबहादुर खड्का र कार्यकारी महासचिव हेमराज लामिछानेको सहभागिता रहेको थियो । त्यसैगरी रामचन्द्र पौडेलसँगको भेटमा जिविस महासंघ नेपालको तर्फबाट अध्यक्ष ऋषिराज लुम्साली, पूर्व अध्यक्ष माधवप्रसाद पौडेल र कार्यकारी महासचिव हेमराज लामिछानेको सहभागिता रहेको थियो ।

स्थानीय स्वायत्त सरकारको संवैधानिक व्यवस्था र स्थानीय निकायको तत्काल गठनका लागि स्थानीय निकायका संघ तथा महासंघहरुले गत माघ महिनामा सम्माननीय प्रधानमन्त्री माधव कुमार नेपाल, संविधानसभाका सम्माननीय अध्यक्ष सुवासचन्द्र नेम्वाङ्ग, र संवैधानिक समितिका सभापति माननीय निलाम्बर आचार्यसँग ज्ञापन पत्र तथा मागपत्र पेश गरिएको थियो ।

### *४.१.२ शान्तिपूर्ण र्‍याली तथा ४ दिने रिले अनशन*

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३९ अनुसार स्थानीय सरकारको निर्वाचनबाट गठन गर्ने र निर्वाचन नभएसम्मको छोटो अवधिका लागि संविधानसभामा प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुको सहभागितामा गठन गर्ने भन्ने प्रष्ट संवैधानिक व्यवस्थाको उल्लंघन मात्र नभई आफ्ना प्रतिनिधि निर्वाचित गरी शासित हुन पाउने लोकतान्त्रिक मौलिक हक तथा मानव अधिकार समेत उल्लंघन गर्दै नेपाल सरकारले गैरसंवैधानिक रुपमा स्थानीय तहमा जिम्मेवारीविहीन सर्वदलीय संयन्त्रको व्यवस्था गरेकोमा जिल्ला विकास समिति महासंघ नेपाल लगायत नेपाल नगरपालिका संघ र गाविस राष्ट्रिय महासंघ नेपालले समेत विगतदेखि नै उक्त निर्णयको निरन्तर विरोध गर्दै आएको सन्दर्भमा तीनवटै संघमहासंघहरुको संयुक्त आयोजनामा २०६८ जेठ ११ गते माइतिघर मण्डलादेखि नयाँ बानेश्वरसम्म शान्तिपूर्ण विरोध र्‍याली तथा मिति २०६८ जेठ ११ गते देखि १४ गतेसम्म रत्नपार्कस्थित शान्तिबाटिकामा २४ घण्टे रिले अनसन सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा उपत्यकाका जनप्रतिनिधिहरु, कर्मचारीहरु तथा अन्य सरोकारवालाहरुको सहभागिता वृद्धिको लागि संयुक्त अपील र पर्चाहरु तथा जिविस महासंघको आफ्नो पर्चा छाप्ने, नागरिकमा अपील प्रकाशन गर्ने तथा अन्य ह्याण्ड बीलहरु समेत छाप्ने कार्य गरिएको थियो । स्थानीय निकाय केन्द्रीय समन्वय समितिको बैठकले योजना तयार गरी जिविस महासंघका नेतृत्वमा गरिएको यस कार्यक्रम छोटो र सांकेतिक भए पनि सान्दर्भिक र भविष्यमा थप कार्यक्रमका लागि तीनवटै संघमहासंघलाई संयुक्त पहल गर्न प्रेरणा मिलेको छ । यथाशीघ्र थप कार्यक्रम तय गरी स्थानीय सरकारको संवैधानिक व्यवस्था र ६ महिना भित्र निर्वाचन गर्न दवाब दिइनु पर्दछ ।

साथै उक्त कार्यक्रम पश्चात जिल्ला विकास समिति महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाविस राष्ट्रिय महासंघ नेपालद्वारा संयुक्त प्रेस विज्ञप्ति जारी गरिएको थियो । संयुक्त प्रेस विज्ञप्तिको पूर्ण विवरण *अनुसूचि १* मा राखिएको छ ।

## ४.३ UCLG ASPAC को वार्षिक सदस्यता नवीकरण तथा सहभागिता

सन् २०११ को वार्षिक सदस्यता नवीकरणको लागि बुझाउनु पर्ने वार्षिक शुल्क बुझाई वार्षिक सदस्यता नवीकरण गरिएको छ ।

गत चैत्र र बैशाख महिनामा दक्षिण कोरियाको जेजु आइल्याण्डमा भएको बालबालिका ओसारपसार र बेचबिखनमा स्थानीय सरकारको भूमिका र विभिन्न मुलुकका कानुनी व्यवस्थासम्बन्धी अन्तर्राष्ट्रिय सेमिनारमा नेपालबाट सहभागिता गर्नु हुने ५ जना सहभागीहरुका सम्पूर्ण कार्यपत्रहरुका संस्लेशीकरण गरी प्रवक्ता कृष्ण प्रसाद जैशीले कार्यपत्र प्रस्तुत गर्ने अवसर प्राप्त गर्नु भएको थियो । त्यसैगरी UCLG ASPAC मा अध्यक्ष र हाल सह-अध्यक्ष रहेको चीनको Chinese Peoples Association for Friendship with Foreign countries (CPAFFC) को निमन्त्रणा र उनीहरुकै सम्पूर्ण खर्चमा चीनको स्थानीय सरकारमा कर तथा गैर करको कानुनी व्यवस्था तथा केन्द्र, प्रान्त तथा चार तहका स्थानीय सरकारहरुको एक आपसमा गरिने राजश्व बाँटफाँट तथा हिस्सेदारीको कानुनी व्यवस्थाको अध्ययनको ९ दिने भ्रमणको सिलसिलामा बेइजिङ्ग, तियानजीन र चेङ्गदु नगरपालिका तथा सिचुवान प्रान्तमा दुई पक्षीय भेट र छलफल गरिएको थियो । चीनमा मूल्य अभिबृद्धि करको

२७ प्रतिशत र आय करको ५० प्रतिशत आय प्रान्त, महानगरपालिका लगायतका स्थानीय सरकारहरलाई दिइने कानूनी व्ययवस्था हाम्रा लागि पनि सिक्न योग्य रहेछ जुन विषय आगामी कार्ययोजनामा केन्द्रीय सरकारसँग मागको रुपमा अघि सार्न सकिन्छ ।

त्यसैगरी भारतको त्रिवेन्द्रम, केरालामा UCLG ASPAC को कार्यसमितिको बैठक तथा अन्तर्राष्ट्रिय सम्मेलनमा UCLG ASPAC का सहअध्यक्ष तथा प्रवक्ता श्री कृष्ण प्रसाद जैशीले भाग लिनु भई एउटा सत्रको अध्यक्षता तथा विचार व्यक्त गर्ने अवसरले भारतका मुख्य नगरपालिकाहरुको समेत एशियाका विभिन्न शहरहरुसँग सम्बन्ध स्थापना तथा नवीकरणको अवसर प्राप्त भएको छ । उपरोक्त तथा त्यस अघिका कार्यक्रमका साथै गाविस महासंघको आयोजना र UNESCO को सहयोगमा धुलिखेलमा भएको कार्यक्रम लगायत विभिन्न भेटका क्रममा बङ्गलादेश, पाकिस्तान, श्रीलङ्काका स्थानीय सरकारका संघ संगठनका प्रतिनिधिहरुले दक्षिण एशियास्तरको **"स्थानीय सरकार मञ्च"** गठन र नेपाललाई नयाँ परिवेशमा सहयोगको खाँचोको विषय उठाई रहेका छन् । दक्षिण एशियास्तरको स्थानीय सरकारको मञ्चबारे जिविस महासंघ नेपालले पनि मुद्दा अघि सार्दा र प्रस्तावक वा समर्थक हुँदा उपयुक्त हुने देखिन्छ ।

जिआईजेडले सहयोग गर्न सक्ने आशयको गत बैठकको प्रस्ताव बारे थप पहल गर्दा हाल नेपालको संविधानका लागि गरिने खर्च स्थगित गरिएको र पुनः निर्णय भएपछि विचाराधीन राखिएको सूचना प्राप्त भएको छ । आन्तरिक श्रोतको वृद्धि र वाह्य सहयोग जुटाई अध्ययन भ्रमण आदानप्रदान गराउन सकिएको खण्डमा स्थानीय सरकारका अनुभवहरुको सिकाई हुने र सम्बन्ध विस्तारले भविष्यका लागि समेत लाभदायक स्थिति पैदा गर्न सकिने संभावना बढेको छ ।

UCLG ASPAC मा दोस्रो कार्यकालका लागि नेपालको तर्फबाट सह-अध्यक्षको रुपमा जिविस महासंघ नेपालको उपस्थितिलाई नेपालमा स्थानीय सरकार बढी स्रोत र अधिकार सम्पन्न एवं अविच्छिन्न उत्तराधिकारवाला बनाउनमा थप भूमिका निर्वाह गरिने विश्वासको रुपमा एशिया प्रशान्त क्षेत्रका सदस्य स्थानीय सरकार र तिनका संघ महासंघद्वारा लिइएको छ । सोही अनुरुप, अष्ट्रेलियाको सिडनी, नेपालको काठमाडौं र दक्षिण कोरियाको चाङओङ बैठकहरुमा हाम्रो तर्फबाट संघीय संरचनामा पनि स्थानीय सरकारहरु बलियो बनाउने प्रस्ताव गरी UCLG ASPAC को तर्फबाट ऐक्यवद्धता समेत प्राप्त भएको छ ।

काठमाडौंमा जिविस महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाविस राष्ट्रिय महासंघको आयोजनामा सम्पन्न अन्तराष्ट्रिय सेमिनारबाट १ दिनमा १० वटा विषयका कार्यपत्रको प्रस्तुति, उच्चस्तरीय सहभागिता र सरकार र निजी क्षेत्र सहित काठमाडौं महानगरपालिका र एशिया फाउन्डेशनको समेत आर्थिक सहयोग हुनुले अत्यन्त सफल भएको सदस्य मित्रहरुको सन्तुष्टि र विष्लेषण रहन गएको र विशेष गरी जिविस महासघंको भूमिकाले हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध थप सुमधुर र विस्तार भएको छ ।

त्यसैगरी डेनमार्कको राजधानी कोपनहेगनमा Local Government Climate Change Leadership Summit (COP 15) मा "कार्बन उत्सर्जन कमी गर्न नेपालका प्रयासहरु" विषयक कार्यपत्र प्रस्तुत गरी सोही सत्रको अध्यक्षता एवं राखिएका सुझावहरुले एशिया प्रसान्त क्षेत्र बाहिर पनि सदस्य मित्रहरुसँगको पहिचान र सम्बन्ध विस्तार गर्ने काम भएको छ ।

आर्थिक बर्ष २०६६/०६७ र आ.व.२०६७/०६८ को पहिलो पाँच महिना (२०६७ साउन देखि मंसिरसम्म) जिविस महासंघ नेपालको अन्तर्राष्ट्रिय सम्बन्धमा महत्वपूर्ण आयामहरु थपिएको छ । इन्डोनेशियाको बताममा (जुन २४–२६, २०१०) भएको अन्तर्राष्ट्रिय तालिम तथा कार्यशालामा प्रवक्ता कृष्ण प्रसाद जैसी र नवराज कोइरालाको सहभागिता र कार्यपत्र प्रस्तुती (Political, Economic and Local Government Finance of Nepal with Recommendation for GOLD 2

Report), भारतको पश्चिम बङ्गालको कोलकातामा कार्यसमिति सदस्य श्री लाल कुमार केसीको सहभागिता, पूर्व अध्यक्ष माधव पौडेलको सेप्टेम्बर २००९ मा इजरायलमा भएको "Seminar on Support for Local Government" दक्षिण कोरियाको चाङ्गवोन सहरमा भएको UCLG ASPAC को कार्य समितिको बैठकमा प्रवक्ता कृष्णप्रसाद जैसीको सहभागिता, दक्षिण कोरियाको जेजुमा गत नोभेम्बर ११–१३ नोभेम्बर २०१० मा भएको Low Carbon Cities: Green Growth for Local Government विषयक कार्यशाला गोष्ठीमा नवराज कोइरालाको सहभागिता रही Nepal's Response to Climate Change: A Case Study of Kathmandu Metropolitan City विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी साङ्घाई-चीनमा Expo 2010 को अवसरमा UN-HABITAT द्वारा आयोजित कार्यशालामा प्रवक्ता कृष्ण प्रसाद जैसीले Linking Asian cities to the UN विषयको "Role of International Partners" भन्ने शीर्षकमा कार्यपत्र प्रस्तोताको भूमिका निर्वाह तथा जापानको हामामात्सुमा अक्टोबर २०१० मा भएको UCLG ASPAC को तेश्रो काँग्रेसमा "Tourism promotion through local resource mobilization" र UCLG World को तेश्रो कांग्रेस मेक्सिकोको मैक्सिको शहरमा (१९–२१ नोभेम्बर २०१०) जिविस महासंघ नेपालका प्रवक्ता तथा UCLG ASPAC का सह-अध्यक्ष कृष्ण प्रसाद जैसीद्वारा "Facing financial squeezes towards re-or-de-centralization?" GOLD Report II विषयमा Panelist को रुपमा निर्वाह गरिएको भूमिका एवं सिंगापुरमा भएको UCLG ASPAC को कार्यसमितिको बैठकमा सहभागिताले जिविस महासंघको अन्तर्राष्ट्रिय सम्बन्धमा नयाँ आयाम थपिनुका साथै थप सम्बन्ध विस्तार पनि भएको छ । साथै जापानको हामामात्सु शहरमा भएको तेश्रो कांग्रेसबाट जिविस महासंघ नेपालका प्रवक्ता श्री कृष्ण प्रसाद जैसी UCLG ASPAC को पुनः दोश्रो पटक सह-अध्यक्ष तथा मेक्सिकोमा भएको UCLG World को तेश्रो काँग्रेसबाट कार्यसमितिको सदस्यमा सर्वसम्मत निर्वाचित हुनु भएको छ । देशभित्र राज्यको पुनःसंरचना तथा नयाँ संविधान निर्माणको प्रक्रिया चलिरहेको संक्रमणकालीन अवस्थाले गर्दा आर्थिक कठिलाई तथा संस्थाको भविष्यको बारेमा समेत प्रश्न तथा चुनौति भोगिरहनु परिरहेको बेला पनि अन्तर्राष्ट्रियस्तरमा भने दक्षिण एशियाको सक्रिय तथा स्थानीय सरकार एवं विकेन्द्रीकरणको वकालत गर्ने संगठनको रुपमा स्थापित भएर सम्बन्ध विस्तार हुनु महासंघ र सिंगो मुलुकका लागि पनि गौरवको विषय बनेको छ । आगामी दिनमा थप अनुभव हासिल गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा बन्ने नयाँ संविधानमा जनताको नजिकको सरकारको रुपमा रहने स्थानीय सरकारहरु श्रोतसाधन र अधिकार सम्पन्न बनाउने अभियानमा यथा सम्भव प्रयत्न र दवाव सिर्जना गरिरहनु पर्दछ ।

UCLG World ले विश्वव्यापी रुपमा स्थानीय स्वायत्त शासनको नीतिगत व्यवस्था र वित्तीय विकेन्द्रीकरणको सन्दर्भमा GOLD II प्रतिवेदन तयार गर्ने उद्देश्य अनुरुप उक्त कार्यका लागि नेपालको सन्दर्भमा यस क्षेत्रको वर्तमान नीतिगत व्यवस्था र वित्तीय विकेन्द्रीकरणको अवस्थाको विश्लेषण गरी प्रतिवेदन तयारीका साथ UCLG-ASPAC मार्फत सम्बन्धित निकायमा पेश गरिएको थियो । प्रतिवेदनमा वर्तमान आर्थिक मन्दीले स्थानीय सरकारमा पारेका विषयसँग सम्बन्धित मुद्दाहरुलाई समेत समेटेर तयार गरिएको थियो । उक्त प्रतिवेदनलाई गत नोभेम्वर ९-१२, २००९ मा चीनको गोञ्जाउमा भएको UCLG World Citites Council Meeting अन्तर्गत GOLD 2 Workshop मा नेपालको तर्फबाट स्थानीय शासन वित्त विज्ञ श्री नवराज कोइरालाले प्रस्तुत गर्नुभएको थियो । उक्त वैठकमा एशिया प्यासिफिक क्षेत्रका नेपाल लगायत अन्य १६ वटा मुलुकहरुको स्थानीय सरकार र वित्तीय विकेन्द्रीकरणको अवस्था र भावी दिनहरुमा UCLG ले स्थानीय विकास र वित्तका क्षेत्रमा खेल्नु पर्ने विषयमा छलफल भएको थियो । साथै UCLG को विकेन्द्रीकरण र स्थानीय सरकारसँग सम्बन्धित समितिको वैठकमा समेत श्री कोइरालाले भाग लिनु भएको थियो । उक्त वैठकहरुमा नेपालको तर्फबाट उहाँले नेपालको वर्तमान राजनीतिक अवस्थामा स्थानीय सरकारको अवस्था, वित्तीय विकेन्द्रीकरणको पृष्ठभूमि र UCLG ले भावी दिनहरुमा

विकासोन्मुख मुलुकहरुको सन्दर्भमा स्थानीय सरकारलाई कसरी बलियो बनाउन सकिन्छ भन्ने विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

### ४.४ प्रकाशन तथा वितरण

जिल्ला विकास समिति महासंघ नेपालले नियमित प्रकाशन तथा वितरण गर्दै आएको स्थानीय प्रजातन्त्र  वर्ष ९ अंक १ को १ हजार ५ सय कपि छपाई गरी सवै सरोकारवालाहरुमा वितरण गरिएको छ ।

### ४.५ सञ्चार माध्यमको परिचालन (Media Mobilization)

राज्यको चौथो अंगको रुपमा रहेको सञ्चार माध्यमहरु जस्तै पत्रपत्रिका, रेडियो, एफएम रेडियो, टेलिभिजन आदिले जनतालाई सुसूचित गराउने र सत्यतथ्य जनताको सामु पुऱ्याउने काममा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तसर्थ जिल्ला विकास समिति महासंघ नेपालद्धारा ब्रिटिश गोर्खा मिडिया नेटवर्क प्रा.लि.द्धारा सञ्चालित गोर्खा एफ.एम.९३ मेगाहर्जमा सञ्चालित **रेडियो कार्यक्रम स्थानीय स्वशासन** गएको साउन ५ गते देखि हरेक हप्ताको बुधबार बेलुकी ८.०० बजेदेखि ८.३० बजेसम्म नियमित रुपमा प्रशारण हुँदै आएको र गएको कार्तिक महिनाको १६ गतेदेखि हरेक हप्ताको मंगलबार साँझ ६.०० बजेदखि ६.३० बजेसम्म नियमित रुपमा प्रसारण हुदै आएको छ ।

**रेडियो कार्यक्रम स्थानीय स्वशासनमा** स्थानीय सरकार, सुशासन, विकास निर्माण र वातावरणसम्बन्धी गतिविधिहरुका साथै यस क्षेत्रसँग सम्बन्धित विज्ञहरुसँग अन्तरक्रिया गर्ने गरिन्छ । त्यसैगरी मुलुक संघियतामा जाँदा स्थानीय सरकारले खेल्नुपर्ने भूमिका, राज्य पुनसंरचना र स्थानीय सरकारका क्षेत्रमा भएका विभिन्न गतिविधिहरुलाई समेटेर यो कार्यक्रम प्रसारण गर्ने गरिन्छ ।

**<u>रेडियो कार्यक्रम "स्थानीय स्वशासन"</u>**

समावेशी र समानुपातिक स्थानीय सरकार जिल्ला, गाउँ र नगर स्वशासनको मूल आधार भन्ने उद्देश्यका साथ जिल्ला विकास समिति महासंघ नेपालद्वारा ब्रिटिश गोर्खा मिडिया नेटवर्क प्रालिद्वारा सञ्चालित गोर्खा एफ.एम.९३ मेगाहर्जमा सञ्चालित **रेडियो कार्यक्रम** "**स्थानीय स्वशासन**" गएको साउन ५ गते देखि हरेक हप्ताको बुधबार बेलुकी ८ बजेदेखि ८.३० बजेसम्म नियमित रुपमा प्रशारण हुँदै आएको र गएको कार्तिक महिनाको १६ गतेदेखि हरेक हप्ताको मंगलबार साँझ ६ बजेदखि ६.३० बजेसम्म नियमित रुपमा प्रशारण हुदै आएको छ ।

**रेडियो कार्यक्रम** "**स्थानीय स्वशासन**"**मा** स्थानीय सरकार, सुशासन, विकास निर्माण र वातावरणसम्बन्धी गतिविधिहरुका साथै यस क्षेत्रसँग सम्बन्धित विज्ञहरुसँग कुराकानी पनि गर्ने गरिन्छ ।

त्यसैगरी मुलुक संघियतामा जाँदा स्थानीय सरकारले खेल्नुपर्ने भूमिका, राज्य पुनसंरचना र स्थानीय सरकारका क्षेत्रमा भएका विभिन्न गतिविधिहरु पनि यो कार्यक्रममा प्रसारण गर्ने गरिन्छ ।

कार्यक्रमको संक्षिप्त विवरण देहायबमोजिम छ ।

| क्र.स. | मिति | विषय | कार्यक्रम अतिथि |
|---|---|---|---|
| १. | २०६७/४/५ | अब बन्ने नयाँ संविधानमा स्थानीय सरकारको स्वरुप र संवैधानिक सुनिश्चितता | श्री हेमराज लामिछाने, कार्यकारी महासचिव, जि.वि.स. महासंघ नेपाल |
| २. | २०६७/४/१२ | स्थानीय सरकारका विभिन्न पक्षका सम्बन्धमा | श्री माधव पौडेल, पूर्व अध्यक्ष तथा बर्तमान कार्यसमिति सदस्य, जि.वि.स. महासंघ नेपाल |
| ३. | २०६७/४/१९ | मुलुक संघियतामा जाँदा स्थानीय सरकारले खेल्नुपर्ने भूमिका,राज्य पुनसंरचना,स्थानीय सरकारको संवैधानिक सुनिश्चितता र स्थानीय सरकारका क्षेत्रमा महासंघले गरिरहेका र आगामी दिनमा गर्ने कामहरुका सम्बन्धमा | श्री ऋषिराज लुम्साली, अध्यक्ष, जि.वि.स. महासंघ नेपाल |
| ४. | २०६७/४/२६ | अब बन्ने नयाँ संविधानमा स्थानीय सरकारको स्वरुप र संवैधानिक सुनिश्चितताका विषयमा कुराकानी र जि.वि.स. महासंघ नेपालले चितवन र तनहु जिल्लामा गरेको ग्रामिण उर्जा विकास शाखा इकाई सञ्चालन मस्यौदा निर्देशिका माथिको छलफल कार्यक्रमका सम्बन्धमा जानकारी | श्री कृष्णप्रसाद जैसी, प्रवक्ता, जि.वि.स. महासंघ नेपाल |
| ५. | २०६७/५/२ | स्थानीय सेवा सम्बन्धी नुवाकोटमा गरेको अध्ययन र उर्जा सम्बन्धी राजधानीमा भएको उर्जा बिकास सम्बन्धी पुस्तक विमोचन कार्यक्रमको बारेमा जानकारी दिनुका साथै नेपालमा जारी उर्जा संकट र यसको समाधानका सम्बन्धमा कुराकानी | श्री किरणमान सिंह, राष्ट्रिय कार्यक्रम प्रवन्धक, ग्रामिण उर्जा विकास कार्यक्रम ( आर.इ.डि.पी.) |
| ६. | २०६७/५/९ | संयुक्त राष्ट्रसंघिय विकास कार्यक्रम यु.एन.डि.पी. को सहयोगमा जि.वि.स.महासंघ नेपालले स्थानीयस्तरमा प्रदान गरिने सेवा प्रवाहको अवस्थाका विषयमा नुवाकोटमा गरेको अध्ययन र नेपालगञ्जमा भएको ग्रामिण उर्जा सम्बन्धी क्षेत्रिय गोष्ठीका बारेमा जानकारी दिनुका साथै स्थानीय स्वायत्त शासन र विकेन्द्रिकरणका सम्बन्धमा | डा. रविन्द्र शाक्य, नेपाल सरकारका पूर्व सचिव तथा स्थानीय स्वशासन र विकेन्द्रिकरण सम्बन्धी स्वतन्त्र परामर्शदाता |
| ७. | २०६७/५/१६ | अब बन्ने नयाँ संविधानमा स्थानीय सरकारको स्वरुप र संवैधानिक सुनिश्चितताका सम्बन्धमा | श्री जीवनबहादुर शाही, नेपाली कांग्रेसका केन्द्रिय सदस्य एवं जि.वि.स.महासंघ नेपालका कार्यकारिणी सदस्य |
| ८. | २०६७/५/२३ | अब बन्ने नयाँ संविधानमा स्थानीय सरकारको स्वरुप र महासंघले स्थानीय सेवासम्वन्धी गरिरहेको अध्ययनका सम्बन्धमा | भरतबहादुर खड्का, कार्यसमिति सदस्य, जि.वि.स.महासंघ नेपाल |
| ९. | २०६७/५/३० | संयुक्त राष्ट्रसंघिय विकास कार्यक्रम यु.एन.डि.पी. को सहयोगमा जि.वि.स.महासंघ नेपालले स्थानीयस्तरमा प्रदान गरिने सेवा प्रवाहको अवस्थाका विषयमा डोटी,काश्की,सिरहा लगायतका जिल्लाहरुमा गरेको अध्ययनका बारेमा जानकारी दिनुका साथै स्थानीय स्वायत्त शासन र महासंघले गरिरहेको स्थानीय स्तरमा प्रदान गरिने सेवा प्रवाहको अवस्था सम्बन्धी गरिरहेको अध्ययनका सम्बन्धमा | श्री हेमराज लामिछाने, कार्यकारी महासचिव, जि.वि.स. महासंघ नेपाल |
| १०. | २०६७/६/६ | स्थानीय सरकारका विभिन्न पक्षका सम्बन्धमा | श्री लालकुमार के.सी., कार्यसमिति सदस्य, जि.वि.स.महासंघ नेपाल |
| ११. | २०६७/६/१३ | संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम यु.एन.डि.पी. को सहयोगमा जि.वि.स.महासंघ नेपालले स्थानीयस्तरमा प्रदान गरिने सेवा प्रवाहको अवस्थाका विषयमा बाँके जिल्लामा गरेको अध्ययनका बारेमा जानकारी दिनुका साथै सिमान्तकृत महिलाहरुको राजनीतिक सहभागिता अभिवृद्धि सम्बन्धी महासंघले गरेको कार्यक्रमका सम्बन्धमा | श्री नवराज कोइराला, जि.वि.स.महासंघका स्थानीय सरकार बित्तिय विज्ञ एवं सो कार्यक्रमका वरिष्ठ कार्यक्रम अधिकृत |
| १२. | २०६७/६/२० | अब बन्ने नयाँ संविधानमा स्थानीय सरकारको स्वरुप र संवैधानिक सुनिश्चितताका सम्बन्धमा | मा. श्री कृष्णप्रसाद सापकोटा, सभासद् एवं जि.वि.स.महासंघ नेपालका पूर्व अध्यक्ष |
| १३. | २०६७/६/२७ | स्थानीय सरकारका विविध पक्षका सम्बन्धमा | श्री तिर्थबहादुर बुढा, कार्यसमिति सदस्य, जि.वि.स.महासंघ नेपाल |
| १४. | २०६७/७/३ | स्थानीय सरकारका विविध पक्षका सम्बन्धमा | श्री जीवनबहादुर शाही, नेपाली कांग्रेसका केन्द्रिय सदस्य एवं जि.वि.स.महासंघ नेपालका कार्यसमिति सदस्य |
| १५. | २०६७/७/१० | युनाइटेड सिटिज एण्ड लोकल गभर्मेन्ट (युसिएलजी) को एशिया प्यासिफिको जापानमा सम्पन्न तेस्रो | श्री कृष्णप्रसाद जैसी, जि.वि.स.महासंघ नेपालका प्रवक्ता एवं युसिएलजीमा दोस्रो |

| क्र.स. | मिति | विषय | कार्यक्रम अतिथि |
|---|---|---|---|
| | | कंग्रेसको बैठक सम्बन्धमा | पटक निर्वाचित उपाध्यक्ष |
| १६. | २०६७/७/१६ | स्थानीय विकास मन्त्रालय र गरिबी निवारण कोष बीच गरिबी निवारण कार्यक्रममा सहकार्य गर्ने सम्बन्धी भएको सम्झौताका सम्बन्धमा | श्री विद्याधर मल्लिक, उपाध्यक्ष, गरिबी निवारण कोष |
| १७. | २०६७/७/२३ | स्थानीय विकास मन्त्रालयले सञ्चालन संयोजन गरिरहेको स्थानीय शासन र सामुदायिक बिकास कार्यक्रमका सम्बन्धमा | श्री सोमलाल सुवेदी, स्थानीय विकास मन्त्रालयका सहसचिव एवं कार्यक्रमका राष्ट्रिय कार्यक्रम निर्देशक |
| १८. | २०६७/७/३० | जिल्ला उर्जा नेटवर्कले उर्जा संकट निवारणका लागि गरिरहेका कामहरुका सम्बन्धमा | श्री शंकर नेपाल, स्थानीय विकास अधिकारी, जि.वि.स.धादिङ |
| १९. | २०६७/८/७ | स्थानीय सरकारका विविध पक्षका सम्बन्धमा | राप्रपा नेपालका सहमहामन्त्री तथा स्थानीय निकाय विभागका पूर्व प्रमुख श्री राजाराम श्रेष्ठ |
| २०. | २०६७/८/१४ | जि.वि.स.काठमाडौंले गरिरहेका कामहरुका सम्बन्धमा | श्री प्रविण प्याकुरेल, प्रवक्ता, जि.वि.स.काठमाडौं |
| २१. | २०६७/८/२१ | स्थानीय निकायमा हाल भएको सर्वदलिय संयन्त्र, यसको प्रभावकारीता र राज्य पुर्नसंरचनाका सम्बन्धमा | श्री दिनेशकुमार थपलियाा सहसचिव एवं प्रवक्ता स्थानीय विकास मन्त्रालय |
| २२. | २०६७/८/२८ | स्थानीय सरकार र स्थानीय सरकारको संवैधानिक व्यवस्थाका लागि गर्नुपर्ने कामहरुका विषयमा | डा.द्वारिकानाथ ढुंगेल पूर्व सचिव, नेपाल सरकार |
| २३. | २०६७/९/०६ | स्थानीय सरकारको संवैधानिक व्यवस्थाका लागि नेपाल सरकारबाट भएका पहलहरु सम्वन्धमा | श्री माननीय गणेश बहादुर खड्का, स्थानीय विकास राज्यमन्त्री |
| २४. | २०६७/९/१३ | सर्वदलिय संयन्त्रलाई जनाफदेही बनाउने सम्वन्धमा | श्री कृष्ण ज्ञावली, सचिव, स्थानीय विकास मन्त्रालय |
| २५. | २०६७/९/२० | स्थानीय सरकार र स्थानीय निकायमा हाल भएको सर्वदलिय संयन्त्रलाई प्रभावकारी बनाउने सम्बन्धमा भएका कामहरुका सम्बन्धमा कुराकानी | जि.वि.स.महासंघ नेपालका प्रवक्ता कृष्णप्रसाद जैसी |
| २६. | २०६७/९/२७ | जि.वि.स.महासंघ नेपालको राजधानीमा सम्पन्न कार्यसमितिको बैठकका बारेमा जानकारी दिनुका साथै बैठकले गरेका निर्णयहरुका सम्बन्धमा कुराकानी | जिविस महासंघका केन्द्रिय सदस्य भरतबहादुर खड्का |
| २७. | २०६७/१०/४ | अब बन्ने नयाँ संविधानमा स्थानीय सरकारको स्वरुप र संवैधानिक सुनिश्चितताका सम्बन्धमा कुराकानी | नेपाली कांग्रेसका नेता एवं कांग्रेस संसदीय दलका प्रवक्ता नविन्द्रराज जोशी |
| २८. | २०६७/१०/११ | स्थानीय निकाय केन्द्रिय समन्वय समितिको हालै राजधानीमा सम्पन्न बैठकका बारेमा जानकारी दिनुका साथै स्थानीय सरकार र स्थानीय सरकारको संवैधानिक व्यवस्थाका लागि स्थानीय निकाय केन्द्रिय समन्वय समितिले गरिरहेका कामहरुका सम्बन्धमा कुराकानी | नेपाल नगरपालिका संघका अध्यक्ष डोरमणी पौडेल |
| २९. | २०६७/१०/१८ | स्थानीय सरकारको संवैधानिक व्यवस्थाका सम्वन्धमा जिविस महासंघ नेपालले गरेको अपिलका बारेमा तयार पारिएको एक रिर्पोट प्रस्तुत गर्नुका साथै यसै विषयमा केन्द्रित रहेर कुराकानी गरिएको | जि.वि.स.महासंघका पूर्व अध्यक्ष माधव पौडेल |
| ३०. | २०६७/१०/२५ | जिल्ला सरकारको आवश्यक्ता र औचित्यका सम्वन्धमा कुराकानी | जि.वि.स.महासंघ नेपालका कार्यकारी महासचिव हेमराज लामिछाने |
| ३१. | २०६७/११/३ | स्थानीय विकास मन्त्रालयले जि.वि.स.,नगरपालिका र गा.वि.स.अनुदान सञ्चालन कार्यविधि २०६७ सम्बन्धी हालै राजधानीमा गरेको अभिमुखिकरण कार्यक्रमका बारेमा जानकारी दिनुका साथै स्थानीय सरकारका विभिद पक्षका सम्बन्धमा कुराकानी | नेपाली कांग्रेसका केन्द्रिय सदस्य एवं जि.वि.स.महासंघ नेपालका कार्यकारिणी सदस्य जीवनबहादुर शाही |
| ३२. | २०६७/११/१० | स्थानीय सरकारका विभिद पक्षका साथै स्थानीय विकास मन्त्रालयले सञ्चालन संयोजन गरिरहेको स्थानीय शासन र सामूदायिक बिकास कार्यक्रम LGCDP का सम्बन्धमा कुराकानी | स्थानीय विकास मन्त्रालयका उपसचिव एवं कार्यक्रमका प्रबन्धक गोपीकृष्ण खनाल |
| ३३. | २०६७/११/१७ | स्थानीय सरकारको संवैधानिक व्यवस्थाका लागि गर्नुपर्ने कामहरुका साथै गा.वि.स.राष्ट्रिय महासंघले गरिरहेका कार्यक्रमहरुका सम्बन्धमा कुराकानी | गाविस राष्ट्रिय महासंघका कार्यकारी निर्देशक परशुराम उपाध्याय |

| क्र.स. | मिति | विषय | कार्यक्रम अतिथि |
|---|---|---|---|
| ३४. | २०६७/११/२४ | जि.वि.स.महासंघको नेतृत्वमा भएको सिमान्तकृत महिलाहरुको राजनीतिमा सहभागिता सम्बन्धी कार्यक्रमका बारेमा जानकारी दिनुका साथै स्थानीय सरकारका विभिद पक्षका साथै जि.वि.स.हरुले हाल गरिरहेका कार्यक्रमहरुका सम्बन्धमा कुराकानी | एल.डि.यो.समाजका अध्यक्ष तथा चितवनका स्थानीय विकास अधिकारी उद्धवप्रसाद तिमल्सेना |
| ३५. | २०६७/१२/१ | विभिन्न जिल्ला परिषद सम्पन्न सम्बन्धी जानकारीहरु दिनुका साथै स्थानीय सरकारका विभिद पक्षका सम्बन्धमा कुराकानी | नेकपा एमालेका सभासद शारदा झा |
| ३६. | २०६७/१२/८ | विभिन्न जिल्ला परिषद सम्पन सम्बन्धी जानकारीका साथै स्थानीय सरकारका विभिद पक्षका सम्बन्धमा कुराकानी | राष्ट्रिय जनमोर्चाका अध्यक्ष एवम् सभासद चित्रबहादुर केसी |
| ३७. | २०६७/१२/१५ | जि.वि.स.महासंघ नेपालको आयोजनामा जि.वि.स.तथा नगरपालिकाहरुको योजना तर्जुमा प्रक्रिया कार्यविधि २०६७ का विषयमा हालै विभिन्न जिल्ला तथा नगरपालिकाहरुमा भएका अन्तक्रिया कार्यक्रमहरुका बारेमा जानकारी दिनुका साथै जि.वि.स.तथा नगरपालिकाहरुको योजना तर्जुमा प्रक्रिया कार्यविधि २०६७ का_सम्बन्धमा कुराकानी | जि.वि.स.महासंघका वित्त विज्ञ नवराज कोइराला |
| ३८. | २०६७/१२/२२ | जि.वि.स.महासंघ नेपालले गरेका विभिन्न गतिविधिहरुका साथै स्थानीय सरकारका र स्थानीय सरकारको संवैधानिक व्यवस्था तथा नेपाल नगरपालिकासंघले गरिरहेका कामहरुका सम्बन्धमा कुराकानी | नेपाल नगरपालिका संघका कार्यकारी सचिव कलानिधि देवकोटा |
| ३९. | २०६७/१२/२९ | स्थानीय सरकारको संवैधानिक व्यवस्थाका बारेमा महासंघले दोलखा र सिन्धुपाल्चोकमा गरेका अन्तक्रिया कार्यक्रमका बारेमा जानकारी दिनुका सार्थ स्थानीय सरकार र सो कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा | महासंघका केन्द्रिय सदस्य भरतबहादुर खड्का |
| ४०. | २०६८/१/६ | जि.वि.स.महासंघ नेपालले गरेका विभिन्न गतिविधिहरुका साथै स्थानीय सरकारका विभिद पक्षका सम्बन्धमा कुराकानी | महासंघका प्रवक्ता एवम् UCLG का सहअध्यक्ष कृष्णप्रसाद जैशी |
| ४१. | २०६८/१/१३ | जि.वि.स.महासंघ नेपालले स्थानीय सरकारको संवैधानिक व्यवस्था सम्बन्धी रसुवा र गोर्खा जिल्लामा गरेको अन्तक्रिया कार्यक्रमका बारेमा जानकारी दिनुका साथै स्थानीय सरकारका विभिद पक्षका सम्बन्धमा कुराकानी | महासंघका पदाधिकारी तथा विभिन्न पार्टीका नेताहरु |
| ४२. | २०६८/१/२० | स्थानीय सरकार र गा.वि.स. अनुदान कार्यविधि २०६७ का सम्बन्धमा कुराकानी | गा.वि.स.राष्ट्रिय महासंघका वरिष्ठ कार्यक्रम अधिकृत लक्ष्मण पाँण्डे |
| ४३. | २०६८/१/२७ | स्थानीय सरकारका विभिद पक्षका सम्बन्धमा कुराकानी | जि.वि.स.महासंघ नेपालका पदाधिकारी तथा स्थानीय शासनविज्ञहरु |
| ४४. | २०६८/२/३ | जि.वि.स.महासंघ नेपालले गरेका विभिन्न गतिविधिहरुका साथै स्थानीय सरकारको संवैधानिक व्यवस्थाका सम्बन्धमा कुराकानी | स्थानीय निकायका संघ महासंघका पदाधिकारी तथा स्थानीय शासन विज्ञहरु |
| ४५. | २०६८/२/१० | स्थानीय निकाय केन्द्रिय समन्वय समितिले स्थानीय सरकारको संवैधानिक व्यवस्था र स्थानीय निकायको अन्तरिम निर्वाचन गर्न माग गदै गर्न लागेको रिले अनशनका सम्बन्धमा कुराकानी | स्थानीय निकायका संघ महासंघका पदाधिकारी तथा स्थानीय निकायका पूर्व पदाधिकारीहरु र स्थानीय शासन विज्ञहरु |
| ४६. | २०६८/२/१७ | स्थानीय निकाय केन्द्रिय समन्वय समितिको आव्हानमा स्थानीय सरकारको संवैधानिक व्यवस्था र स्थानीय निकायको ६ महिनाभित्र अन्तरिम निर्वाचन गर्न माग गदै गरिएको रिले अनशनका सम्बन्धमा कुराकानी | रिले अनसन गर्नुको उद्येश्य र स्थानीय सकारको संवैधानिक व्यवस्थाका सम्बन्धमा रिले अनसनमा सहभागीहरु |
| ४७. | २०६८/२/२४ | जि.वि.स.महासंघले आगामी दिनमा गर्ने कार्यक्रमहरु र स्थानीय सरकारका विविध विषयमा केन्द्रित रहेर कुराकानी | महासंघका पदाधिकारी तथा स्थानीया शासन विज्ञहरु |

## ५. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमअन्तर्गत क्षमता विकास कार्यक्रमहरु

### ५.१ क्षमता अभिबृद्धि नीति तथा कार्ययोजनाको अन्तिम रुप दिने र कार्यान्वयन गर्ने

जिविस महासंघको रणनीतिक योजना २०६७ र क्षमता विकास कार्ययोजना, २०६७ कार्यसमितिबाट अनुमोदन गरियो ।

### ५.२ कार्यसमिति सदस्य तथा कर्मचारीहरुको तालिम कार्यक्रम सञ्चालन

जिविस महासंघका कर्मचारी तथा पदाधिकारीहरुको आवश्यकता अनुसार क्षमता विकास सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

### ५.३ जिविस महासंघ नेपालको वेबसाइड अद्यावधिक गर्ने

जिविस महासंघ नेपालको वेबसाइड (www.addcn.org.np) समयानुकुल अद्यावधिक गरिदै आएको छ ।

### ५.४ विभिन्न पुस्तकहरु खरीद गर्ने

जिविस महासंघ नेपालले सञ्चालन गरेको पुस्तकालयमा आवश्यक पर्ने सुशासन, विकेन्द्रीकरण, स्थानीय सरकार, संघीय राज्य व्यवस्था लगायत एशियाली विकास बैंक, विश्व बैंक लगायतका महत्वपूर्ण पुस्तकहरु खरीद गरी पुस्तकालयलाई अद्यावधिक गरिएको छ । यस चालु आर्थिक वर्ष २०६७/०६८ मा जम्मा ३२ वटा पुस्तकहरु पुस्तकालयमा दर्ता भएको मध्ये ८ थान पुस्तक मात्रै खरीद गरिएको छ ।

### ५.५ आवश्यक उपकरणहरुको खरिद

- जिविस महासंघ नेपालको स्वामित्वमा रहेका पुराना सामानहरु जस्तै टेवल, कुर्सी, कम्प्युटर लगायतका सामानहरु लिलाम बिक्री गरिएको छ ।
- लोडसेडिङ्गका कारणले उर्जाको अभाव भै सचिवालयको दैनिक कार्य गर्न समेत समस्या भएको र पुरानो यूपिएसको ब्याट्रीहरु काम नलाग्ने भएकोले नयाँ ब्याट्री खरीद गरिएको छ ।
- जिविस महासंघमा रहेको फोटोकपी मेशिन धेरै पुरानो भएको कारणले काम गर्न नसक्ने अवस्थामा रहेकोले जेरक्स कम्पनीको नयाँ फोटोकपी मेशिन खरीद गरिएको छ ।

## ६. अन्य निकायहरुसँगको सहकार्यमा सम्पन्न कार्यक्रमहरु

### ६.१ स्थानीय सरकारसम्बन्धी ग्लोबल मञ्च (Global Forum of Local Governemnt)

यूएनसिडिएफ र युगाण्डा सरकारको संयुक्त आयोजनामा युगाण्डाको कम्पालामा गत अक्टोवर ४-६, २०१० (तदनुसार असोज १८-२०, २०६७) मा Pursuing the MDGs through Local Government बिषयक एक उच्चस्तरीय अर्न्तराष्ट्रिय सम्मेलनको आयोजना भएको थियो । उक्त सम्मेलनमा नेपालका तर्फबाट स्थानीय विकास मन्त्रालयका सचिव श्री कृष्ण ज्ञवाली, सहसचिव श्री सोमलाल सुवेदी, जिविस महासंघ नेपालका तर्फबाट श्री हेमराज लामिछाने, प्रधानमन्त्री कार्यालयका उपसचिव श्री प्रकाश पण्डित र युएनसिडिएफ नेपालका तर्फबाट डा. निल ए. वेव्सटनको सहभागिता रहेको थियो । सो कार्यक्रममा विश्वका करिव ८१ राष्ट्रका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । सो कार्यक्रममा तान्जानिय लगायत अफ्रिकी राज्यका प्रधानमन्त्री तथा मन्त्रीस्तरीय

सहभागिता समेत रहेको थियो । कार्यक्रममा देहायका विषयमा छलफल भएको थियो । नेपालका तर्फबाट सबै विषयहरुका सहभागिता जनाई नेपालको अनुभव राख्ने अवसर समेत प्राप्त भएको थियो ।

- के स्थानीय सरकार मार्फत सेवाप्रवाह गर्दा तुलनात्मक फाईदा लिन सकिन्छ ?
- द्वन्दपछिको अवस्थामा राज्यको पुनःसंरचना र लोकतन्त्रलाई बलियो बनाउन स्थानीय सरकारलाई बलियो बनाउने रणनीति प्रभावकारी हुन सक्छ ?
- के खाद्य संकट कम गर्न स्थानीय सरकारले एक विकल्पको रुपमा काम गर्दा तुलनात्मक फाईदा हुनसक्छ ?
- गरिबी न्यूनीकरण र आर्थिक विकासमा स्थानीय सरकारले कस्तो भूमिका निर्वाह गर्न सक्छ ?
- के वातावरण सन्तुलन कायम गर्न स्थानीय सरकारहरु अग्रस्थानमा काम गर्न सक्छन् ?
- लैंगिक समानता र सशक्तिकरणका लागि स्थानीय सरकारहरुले कस्तो भूमिका खेल्न सक्छन ?
- विकेन्द्रीकरणलाई प्रभावकारी बनाउन के गर्नुपर्छ ?
- स्थानीय सरकारको प्रभावकारीताको लागि विकास साँझेदार (दाता) हरुले के कस्ता भूमिकाहरु खेल्न सक्छन् ?
- स्थानीय विकासमा नीजि क्षेत्रको कस्तो भूमिका हुनुपर्छ ?
- स्थानीय सरकारका संघ तथा महासंघहरुको भूमिका कस्तो रहनुपर्छ र उनीहरुलाई के कस्तो सहयोगको खाँचो हुन्छ ?

### ६.२ उर्जा तथा वातावरणसम्बन्धी कार्यक्रमहरु

विगत लामो समयदेखि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र ग्रामिण उर्जा विकास कार्यक्रमसँग सहकार्य गर्दै जिविस महासंघ नेपालले उर्जा तथा वातावरणको क्षेत्रसँग सम्बन्धित नीतिको निर्माण र यसको प्रभावकारी कार्यान्वयनमा पैरवी तथा वकालती लगायत जिविसहरुको क्षमता विकासमा काम गर्दै आएको छ । यसै सिलसिलामा चालु आर्थिक वर्ष २०६७/०६८ मा उर्जा तथा वातावरणको क्षेत्रमा देहायबमोजिम कार्यक्रमहरु सम्पन्न गरेको छ ।

जिल्ला विकास समिति महासंघ नेपालका उर्जा तथा वातावरण अधिकृत श्री अनिल काले मिति २०६७ साल असार १५ गते चीनको बेइजिङ्गमा नविकरणीय उर्जा प्रविधिहरु सम्बन्धी ७ दिने अध्ययन भ्रमणमा भाग लिनु भएको थियो । सो कार्यकमको आयोजना Renewable Energy Project (REP) ले गरेको थियो र यस कार्यकममा विभिन्न निकायका गरि आठ सदस्यीय टोलीको नेतृत्व राष्ट्रिय योजना आयोगका सहसचिव श्री गोपीनाथ मैनालीज्यूले गर्नु भएको थियो ।

जिल्ला विकास समिति महासंघ नेपालका उर्जा तथा वातावरण अधिकृत श्री अनिल काफ्ले मिति २०६७ साल मंसिर ४ गते जर्मनको बर्लिनमा अवस्थित उर्जासँग सम्बन्धित कार्य गरिरहेका Renewable Energy Academy (RENAC) को निमन्त्रणामा पाँच दिने ग्रामिण विद्युतीकरणको अवधारणाबारे तालिममा सहभागी हुनु भएको थियो । सो तालिममा भाग लिनको लागि लाग्ने Round Trip Ticket/Accomodation Cost पूर्णरुपमा AEPC/ESAP ले उपलब्ध गराएको थियो ।

### *उर्जा अधिकृतको विदाई तथा नियुक्ति*

जिविस महासंघ नेपालमा ऊर्जा तथा वातावरण अधिकृतका रुपमा कार्यरत अनिल काफ्लेले उहाँको व्यक्तिगत कारणबाट महासंघमा दिनु भएको राजीनामा स्विकृत गरियो । साथै उर्जा तथा वातावरण विज्ञको पद सिर्जना गरी कास्की जिल्ला स्थायी घर भै हाल काठमाडौं बस्ने इन्जिनियर शम्भुदेव बराललाई २०६७ साल फागुन देखि जिविस महासंघमा उक्त पदमा नियुक्त गरिएको छ ।

## (क) विभिन्न बैठकहरुमा सहभागिता

### *१. ऊर्जा क्षेत्र सहयोग कार्यक्रम ESAP को स्टेरिङ कमिटि बैठक*

उर्जा क्षेत्र सहयोग कार्यक्रम ESAP को स्टेरिङ कमिटिको बैठक २८ अप्रील २०११ मा राजधानीमा बसेको थियो । वातावरण मन्त्रालयका सचिव डा. गणेशराज जोशीको अध्यक्षतामा बसेको सो बैठकमा उर्जा क्षेत्र सहयोग कार्यक्रम ESAP का प्रमुख सल्लाहकार Mr. Niels J.Thomsen ले प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो । सो बैठकमा जिविस महासंघ नेपालको तर्फबाट उर्जा तथा वातावरण विज्ञ श्री शम्भुदेव बरालले भाग लिनु भएको थियो । सो बैठकमा नेपाल सरकार, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा. श्री नारायणप्रसाद चौलागाई, जि.वि.स.महासंघ, दातृ निकाय, नेपालस्थित डेनिस राजदूतावास, ESAP र विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

### *२. ग्रामीण ऊर्जा विकास कार्यक्रमको कार्यकारी समितिको बैठक*

हालै ग्रामीण ऊर्जा विकास कार्यक्रमको कार्यकारी समितिको बैठक खुमलटारमा सम्पन्न भएको छ । उक्त बैठकमा राष्ट्रिय कार्यक्रम निर्देशक एवं AEPC का कार्यकारी निर्देशक डा. श्री नारायण चौलागाँईले स्वागत गर्नुभएको थियो । राष्ट्रिय कार्यक्रम निर्देशक श्री किरणमान सिंहले REDP र RERL को प्रगति विवरण कार्यक्रम बारेमा प्रस्तति गर्नु भएको थियो । उक्त बैठक UNDP, MoLD, NAVIN तथा ADDCN प्रतिनिधिहरुको सहभागिता भएको थियो । जिविस महासंघको तर्फबाट कार्यकारी महासचिव श्री हेमराज लामिछानेले भाग लिनु भएको थियो ।

### *३. दिगो सामाजिक आर्थिक बृद्धिका लागि न्यून कार्वन उत्सर्जन तथा जलबायु समानुकुलन विकास पथ अवलम्बन गर्ने बैठक*

वातावरण मन्त्रालय,जलवायु परिवर्तन व्यवस्थापन महाशाखाको आयोजनामा दिगो सामाजिक आर्थिक बृद्धिका लागि न्यून कार्बन उत्सर्जन तथा जलवायु समानुकुलन विकास पथ अवलम्बन गर्ने कार्यका लागि अगाडि बढाउन नेपाल सरकार (मन्त्रिस्तर) को निर्णयानुसार निर्देशक समिति र प्राविधिक समिति गठन गरि हालै सो दुवै समितिको बैठक मिति २०६८ वैशाख २९ मा बसेको थियो । सो बैठकहरुमा सरकारी निकायका प्रतिनिधिका साथै स्थानीय निकायका संघ महासंघ, गैसस र वेलायती सहयोग नियोग डि.एफ.आइ.डी.का प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

बैठकमा जि.वि.स.महासंघका तर्फबाट पूर्व अध्यक्ष श्री माधवप्रसाद पौडेल र ऊर्जा तथा वातावरण विज्ञ श्री शम्भुदेव बरालले भाग लिनुभएको थियो ।

### *४. प्रोजेक्ट आउटकम बोर्डको बैठक*

वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत वेस्टर्न तराई ल्याण्डस्केप कम्प्लेक्स प्रोजेक्ट र कर्न्जभेसन एण्ड सुइटेवल युज वेटल्याण्ड इन नेपालको संयुक्त तत्वाधानमा प्रोजेक्ट आउटकम बोडको बैठक

मिति २१ वैशाख २०६८ मा बसेको थियो । सो कार्यक्रममा जि.वि.स.महासंघ नेपालका तर्फबाट उर्जा तथा वातावरण विज्ञ श्री शम्भुदेव बरालले भाग लिनुभएको थियो ।

### ५. *ग्रामिण यातायात नीतिमा छलफल*

ग्रामिण पहुँच सुधार तथा विकेन्द्रीकरण परियोजनाले आयोजना गरेको ग्रामिण यातायात नीतिसम्बन्धी सरोकारवालाहरुसंगको छलफल कार्यक्रम हालै सम्पन्न भएको छ । सो कार्यक्रममा यातायात नीतिका विभिन्न विषयमा मिति ९ मे २०११ मा छलफल भएको थियो । कार्यक्रममा जि.वि.स.महासंघ नेपालका तर्फबाट उर्जा तथा वातावरण विज्ञ श्री शम्भुदेव बरालले भाग लिनुभएको थियो ।

### ६. *ऊर्जा तथा वातावरण शाखा स्थापना र संचालन निर्देशिकाको अन्तिम मस्यौदा माथि छलफल कार्यक्रम*

जिल्ला बिकास समिति महासंघ नेपालले हालै ऊर्जा तथा वातावरण शाखा स्थापना र संचालन निर्देशिकाको अन्तिम मस्यौदा माथि छलफल कार्यक्रम समिट होटल, ललितपुरमा २०६७ फागुन २ गते आयोजना गरिएको थियो । उक्त कार्यक्रममा स्थानीय विकास मन्त्रालयका सचिव श्री कृष्ण ज्ञवाली, वातावरण मन्त्रालयका सचिव डा. श्री गणेशराज जोशी, जिल्ला विकास समिति महासंघ नेपालका अध्यक्ष श्री ऋषिराज लुम्साली, प्रवक्ता श्री कृष्ण प्रसाद जैसी, स्था.वि.म.का सहसचिव, श्री रेश्मीराज पाण्डे, वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा. नारायण प्रसाद चौलागाई, स्था.वि.म.का उपसचिव श्री विनोदप्रकाश सिंह, धादिङ्ग जिविसका स्था.वि.अ. श्री शंकर नेपाल, चितवनका स्था.वि.अ. श्री उद्धव तिमिल्सिना, ग्रामिण उर्जा विकास कार्यक्रममा राष्ट्रिय कार्यक्रम प्रवन्धक किरणमान सिंह लगायत एइपिसी र आरइडिपिका कर्मचारीहरुको समेत सहभागिता रहेको थियो । त्यसैगरी जिविस महासंघ नेपालका अध्यक्ष, प्रवक्ता लगायत कार्यसमितिका पदाधिकारीहरुको समेत सक्रिय सहभागिता रहेको थियो । उक्त कार्यक्रममा जिल्ला विकास समिति महासंघ कार्यकारी महासचिव श्री हेमराज लामिछानेले मस्यौदा निर्देशिका प्रस्तुत गर्नुभएको थियो ।

### ७. *ग्रामीण ऊर्जा विकास कार्यक्रमको कार्यकारी समितिको बैठक*

ग्रामीण ऊर्जा विकास कार्यक्रमको कार्यकारी समितिको बैठक खुमलटारमा सम्पन्न भएको छ । उक्त वैठकमा राष्ट्रिय कार्यक्रम निर्देशक एवं AEPC का कार्यकारी निर्देशक डा. श्री नारायण चौलागाँईले स्वागत गर्नुभएको थियो । राष्ट्रिय कार्यक्रम निर्देशक श्री किरणमान सिंहले REDP र RERL को प्रगति विवरण कार्यक्रम बारेमा प्रस्तति गर्नुभएको थियो । उक्त बैठक UNDP, MoLD, NAVIN तथा ADDCN प्रतिनिधिहरुको सहभागिता भएको थियो । जिविस महासंघको तर्फबाट कार्यकारी महासचिव श्री हेमराज लामिछाने भाग लिनुभएको थियो । यसको साथै निम्नानुसारका कार्यक्रमहरुमा सहभागिता रहेको छ ।

- मिति २०६७ फागुन ३० गते चूरे वन क्षेत्र संरक्षण बैठक भाग लिएको
- मिति २०६८ जेष्ठ ५ गते चूरे वन क्षेत्र संरक्षण बैठक भाग लिएको
- मिति २१ अप्रील २०११ गते Oxfam नेपालले आयोजना गरेको Minding the money: Governance of Climate Change Adaptation Finace in Nepal बैठक भाग लिएको
- मिति ९ अप्रील २०११ गते EU ले आयोजना गरेको Call for Proposal बैठक भाग लिएको
- मिति ११ देखी १३ अप्रील २०११ गते सम्म Nepal Engineering Association ले आयोजना गरेको ३ दिने 12th National Convention of Engineers Empowering Engineers for Prosperous Nepal भाग लिएको

### (ख) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र महासंघबीच सम्झौता

जिल्ला विकास समिति महासंघ नेपालले विगतका बर्षहरु जस्तै यसबर्ष पनि उर्जा तथा वातावरणका कार्यक्रमहरुलाई निरन्तरता दिने भएको छ । उर्जा तथा वातावरणका कार्यक्रमहरुलाई निरन्तरता दिन महासंघ र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबीच हालै एक सम्झौतापत्रमा हस्ताक्षर पनि भएको छ । सो सम्झौतापत्रमा महासंघको तर्फबाट कार्यकारी महासचिव श्री हेमराज लामिछाने र केन्द्रका तर्फबाट कार्यकारी निर्देशक डा. श्री नारायणप्रसाद चौलागाईले हस्ताक्षर गर्नुभएको छ ।

### (ग) विश्व वातावरण दिवस

सन् १९७२ मा संयुक्त राष्ट्र संघीय महासभाले जुन ५ को दिनलाई विश्व वातावरणदिवस मनाउने निर्णय अनुरुप नेपालमा प्रत्येक वर्ष विभिन्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गरी विश्व वातावरण दिवस मनाउँदै आइएको छ । यस वर्ष पनि नेपाल राज्यका ७५ वटै जिल्लामा जुन ५ का दिन विभिन्न कार्यक्रमहरुका साथ उक्त दिवस मनाउन सबै जिविसहरुलाई अनुरोध गरेको छ । यस वर्षको वातावरण दिवसको नारा ***वनः प्रकृतिको उपहार, जीवनको आधार*** (Forest: Nature at Your Service) रहेको छ ।

### (घ) क्षेत्रिय गोष्ठी प्रतिवेदन

२०६७ साल भाद्र महिनामा नेपालगञ्जमा आयोजित क्षेत्रीय गोष्ठीको प्रतिवेदन तयार गरी वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा पेश गरिएको छ । विभिन्न तीन वटा प्रस्तावहरु तयार गरी वैकल्पिक उर्जा प्रवर्धन केन्द्र र ग्रामिण उर्जा विकास कार्यक्रममा पेश गरिएको छ ।  ऊर्जा तथा वातावरणका क्षेत्रमा राम्रो काम गर्ने जिविसहरुलाई पुरस्कृत गर्ने उद्देश्यले विभिन्न सूचकका आधारमा २३ जिल्लाहरुबाट प्राप्त भएको सूचनाका आधारमा मुल्याङ्कन कार्य सम्पन्न भएको छ । जिल्ला ऊर्जा तथा वातावरणको वस्तुस्थिति अध्ययन गर्ने फारम तयार गरिएको छ ।

### (ङ) प्रकाशन तथा वितरण

ग्रामिण उर्जाको क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुले गरेका उल्लेख्य कार्यहरुलाई समावेश गरेर बार्षिक रुपमा प्रकाशन तथा वितरण गर्दै आएको “सफलताका कथाहरुको संगालो” नामक पत्रिका यस आर्थिक वर्षमा १४०० प्रति प्रकाशन गरी ७५ वटै जिल्ला विकास समिति, केन्द्र तथा स्थानीय तहका सरोकारवालाहरुलाई वितरण गर्ने कार्य सम्पन्न गरियो ।

## ६.३ राजनीतिमा सिमान्तकृत महिलाहरुको सहभागिता अभिबृद्धि कार्यक्रम (UNDEF)

सन् २००८ सेप्टेम्बरदेखि शुरु भएको संयुक्त राष्ट्र संघ प्रजातन्त्र कोष (United Nations Democracy Fund-UNDEF) को सहयोगमा जिविस महासंघ नेपालले संखुवासभा, काभ्रेपलाञ्चोक, लमजुङ्ग, बाँके र कञ्चनपुर जिल्लाका पाँच/पाँच वटा गाविसमा गरी जम्मा पाँच वटा जिल्लाको २५ वटा गाविसमा नेपालको राजनीतिमा सिमान्तकृत महिलाहरुको सहभागिता अभिबृद्धि कार्यक्रम सञ्चालन गरेको थियो । गत वर्षदेखि ५ वटा जिल्लाहरुमा सञ्चालनमा रहेको यस कार्यक्रम चालु आर्थिक वर्षको सेप्टेम्बर महिना (२०६७ असोज १४ गते) देखि समाप्त भएको छ । यसको सम्पूर्ण प्रक्रिया पुरा गरी प्रगति प्रतिवेदन संयुक्त राष्ट्र संघ प्रजातन्त्र कोषमा पेश गरि सकिएको छ ।

संयुक्त राष्ट्र संघ प्रजातन्त्रकोषको सहयोगमा पाँचवटा जिल्लाहरुमा संचालित **सिमान्तकृत महिलाहरुको राजनीतिमा सहभागिता अभिबृद्धि कार्यक्रम**को मूल्याङ्कन गर्न न्यूयोर्कदेखि आएको विशेषज्ञ टोलीले संखुवासभा जिल्लामा गै स्थलगत अध्ययन गरेको थियो भने सरोकारवाला निकायहरुसँग भेट गरी कार्यक्रमको प्रगति र यसको प्रभावको बारेमा छलफल गरी सुझाव लिएको थियो । यस क्रममा जिविस महासंघ नेपाल र कार्यक्रम सहयोगी निकाय विश्व परिदृश्य वकालत

मञ्च र राष्ट्रिय आदिवासी महिला मञ्चको कार्यालयमा गएर अन्तक्रिया गरिएको थियो । त्यसैगरी उज्यालो एफएममा गई रेडियो कार्यक्रमको बारेमा जानकारी हासिल गरेका थिए । जानकारी लिने क्रममा संविधानसभाका माननीय उपाध्यक्ष पूर्णकुमारी सुवेदी, योजना आयोगमा सदस्यहरु डा. दिनेश देवकोटा, डा. प्रेम कुँवर र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका श्री गोपीकृष्ण खनाल, युएनडिपिका सहायक कन्ट्री निर्देशक शरद न्यौपानेसँग समेत भेट गरेको थियो । त्यसैगरी गत २०६७ फागुन १९ गते तदनुसार मार्च ३, २०११ मा काठमाण्डौंमा तत्कालिक योजना आयोगका उपाध्यक्ष डा. जगदिशचन्द्र पोखरेलको प्रमुख आतिथ्यता र संविधानसभा सदस्य माननीय कृष्णप्रसाद सापकोटाको आतिथ्यतामा एक Dessimination Worksp of Project Progress Report आयोजना गरिएको थियो । परियोजना मूल्याङ्कनकालागि Transtect, Belgium बाट Ms. Florence Burban को नेतृत्वमा Ms. Aurelie Ferreira आएका थिए ।

संयुक्त राष्ट्रसंघ प्रजातन्त्र कोषको सहयोगमा संचालित सिमान्तकृत महिलाहरुको राजनीतिमा सहभागिता अभिबृद्धि कार्यक्रम सम्पन्न भएको परियोजना सम्पन्न प्रतिवेदन अग्रेजीमा १ हजार १ सय ५० र नेपालीमा १ हजार १ सय ५० प्रकाशन गरी सवै सरोकारवालाहरुमा वितरण गरिएको छ ।

## ६.४ स्थानीयस्तरमा संघीयतासम्बन्धी बहस कार्यक्रम

स्थानीय स्तरमा संघीयतासम्वन्धी वहस कार्यक्रम (Initiating Functional Debate on Federalism at Local Level) जिविस महासंघ नेपाल, गाविस राष्ट्रिय महासंघ र फ्रिडम फोरमको संयुक्त आयोजना र एसडिसीको आर्थिक तथा प्राविधिक सहयोगमा रामेछाप र ओखलढुंगा जिल्लाका १०/१० वटा समुदायमा सञ्चालन गरिएको थियो । यस कार्यक्रमअन्तर्गत संविधान निर्माण प्रक्रियामा सिमान्तकृत समुदायहरुको आवाजलाई संकलन गरी स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकाहरु तथा एफ.एम. रेडियो लगायत राष्ट्रिय टेलिभिजन कार्यक्रममार्फत प्रसारण गर्ने कार्यक्रम रहेको थियो । जसअनुसार ओखलढुंगा जिल्लाको बिगुटार, प्रप्च, मोली, उबा, टोक्से, बलखु, सिम्नेरी, ठुलाछाप, नारायणथान, र रुम्जाटारमा सम्पन्न गरियो । त्यसैगरी रामेछाप जिल्ला अन्तरगत बालुवाजोर, सुकाजोर, साँगुटार, बिजुलीकोट, फुलासी, प्रिती, रसनली, डडुवा, दोरम्बा र खनीयापानी गाविस रहेका थिए । यी दुवै जिल्लाहरुमा समुदायस्तर तथा निर्वाचन क्षेत्रस्तरमा संघीयतासम्बन्धी छलफल कार्यक्रमसमेत सम्पन्न गरि सकिएको छ । यस कार्यक्रमअन्तर्गत बहस कार्यक्रमलाई समावेश गरी मोनोग्राफ समेत तयार गरी वितरण कार्य समेत सम्पन्न गरी एसडिसिलाई प्रतिवेदन पेश गरि हिसाब किताब फस्छ्यौंट गरि सकिएको छ । यसको लागि एन.एस. एण्ड एसोसियट्स (एफ.सि.ए., निराजन सिंखडा) लाई लेखापरिक्षक नियुक्त गरी लेखापरिक्षण प्रतिवेदन समेत एसडिसीमा यही २०६७ साल मंसीर महिनामा पेश गरि सकिएको छ । यो कार्यक्रम सम्पन्न गर्नका लागि जिविस महासंघ नेपाललाई एसडिसीबाट कुल रु. ३१ लाख १ हजार ८ सय ८ र पैसा १५ प्राप्त भएको थियो ।

## ६.५ स्थानीय तहको सेवा प्रवाहको वर्तमान अवस्था विश्लेषण अध्ययन

जिविस महासंघ नेपालले जिल्ला विकास समितिहरुको सेवाप्रवाह प्रणालीको प्रभावकारीता अध्ययन गरी आगामी राज्य पुर्नसरचनामा स्थानीय सरकारको भूमिकासम्बन्धी सुझाव पेश गर्ने उद्देश्य सहित रु. १६ लाख १८ हजार ६ सय २८ को एक अध्ययन प्रस्तावना युएनडिपि नेपालमा पेश गरिएको थियो । सो प्रस्ताव स्विकृत भै अध्ययन कार्य सम्पन्न भईसकेको छ । यस अध्ययनलाई पूर्णता दिन डोटी, बाँके, कास्की, दोलखा र सिराहा जिल्ला विकास समितिहरु, जिल्लास्थित निक्षेपित क्षेत्रहरु (कृषि, पशु, स्वास्थ्य, शिक्षा र पूर्वाधार) का विषयगत कार्यालयहरु, जिल्ला तहको स्थानीय

शान्ति समिति र हरेक जिल्लाको एक/एक गाविसहरुमा स्थलगत भ्रमण गरी सम्बन्धित जिल्लाका राजनीतिक संयन्त्रका पदाधिकारीहरु, कार्यालयका कार्यालय प्रमुख तथा अधिकृतस्तरका कर्मचारीहरु, गैसस, नागरिक समाजका प्रतिनिधिहरु र सेवाग्राहीहरुसँग समेत अन्तरक्रिया गरी प्रतिवेदन तयार गरिएको छ । यस अध्ययन कार्यलाई अगाडि बढाउन अध्ययन टोली नेताको रुपमा डा. रविन्द्र शाक्य, स्थानीय स्वशासन विज्ञका रुपमा हेमराज लामिछाने, स्थानीय सरकार वित्त विशेषज्ञका रुपमा हरिप्रसाद पोखरेल र तथ्याङ्क शास्त्रीका रुपमा विनय धाक्वा प्रत्यक्ष रुपमा सम्लग्न हुनु भएको थियो भने जिविस महासंघ नेपालका प्रोफेसनल कर्मचारीहरुको समेत सम्लग्नता रहेको थियो । यस अध्ययनको अन्तिम प्रतिवेदन पेश गरिसकिएको छ । यसको अन्तिम स्टेयरिङ्ग कमिटीको बैठक कमिटीका अध्यक्ष श्री माधव पौडेलको अध्यक्षता यही २०६७ पौष ७ गते (डिसेम्वर २२, २०१०) बसी प्रतिवेदन पास गरेको थियो ।

### ६.६ जिविस तथा नगरपालिकाको योजना तर्जुमा र निर्णय प्रक्रिया कार्यविधीको समिक्षा र पुन:लेखन

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को भावनाबमोजिम सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई बढी समावेशीमूलक बनाई सबै जिविस तथा नगरपालिकाहरुमा एकरुपता ल्याउने उद्देश्य बमोजिम स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सहयोगमा जिविस महासंघ नेपालले जिविस र नगरपालिकाहरुको योजना तर्जुमा कार्यविधि, २०६७ (अन्तिम मस्यौदा) तयार गरी स्थानीय विकास मन्त्रालयमा पेश गरिएको छ । यस कार्यका लागि जिविस महासंघ नेपालले नेपाल नगरपालिका संघ तथा गाविस राष्ट्रिय महासंघ नेपालका पेशाविद् कर्मचारीहरुलाई समेत कार्यटोलीमा समावेश गराई योजना तर्जुमाको कार्यविधिलाई अन्तिम रुप दिइएको छ र निकट भविष्यमा नै स्थानीय विकास मन्त्रालयको सहयोगमा तीन जिल्लाहरु क्रमश: बर्दिया, दोलखा तथा स्याङ्गजा (वा तनहुँ) जिविस र त्यस क्षेत्र अन्तर्गतका १/१ वटा नगरपालिकामा सो कार्यविधिलाई परीक्षण गर्ने कार्यक्रम समेत रहेको छ ।

### ६.७ स्थानीय निकायहरुको क्षमता विकास म्यानुअल तयारी तथा अभिमुखीकरण

स्थानीय स्वायत्त शासन ऐन २०५५ को भावनाबमोजिम तल्लो तहमा छिटोछरितो र पारदर्शी सेवा प्रदान गर्न जिल्ला विकास समितिहरुको क्षमता अभिबृद्धि गर्न आवश्यक हुन्छ । तसर्थ स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमअन्तर्गत जिविसहरुको क्षमता विकास म्यानुअल तयार गरी सो को अभिमुखीकरण गर्ने समेतको जिम्मा लिई जिल्ला विकास समिति महासंघले सम्झौताअनुसार कार्य सम्पन्न गरी स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा (LGCDP) प्रतिवेदन पेश गरिसकेको छ ।

### ६.८ युनिसेफ नेपालसँगको सहकार्य

युनिसेफ नेपालको सहयोगमा नेपालमा विगत देखि सञ्चालन भईरहेको बालबालिका तथा महिलासम्बन्धी विकेन्द्रीकृत कार्यक्रम (डकाउ) लागु भएका १८ वटा, २ वटा डकाउ ग्रेजुएट र ३ वटा डकाउ लागु नभएका गरी जम्मा २३ वटा जिल्लाहरुमा स्थानीय निकाय अनुदान कार्यविधी, २०६७ अनुसार महिला तथा बालबालिकाको क्षेत्रमा स्थानीय निकायहरुले गरेको लगानीको वर्तमान अवस्थाको बारेमा अध्ययन गरी स्थानीय विकास मन्त्रालय र युनिसेफ नेपाललाई सुझाव दिने उद्धेश्य सहित एक प्रस्तावना तयार गरी युनिसेफ नेपालमा प्रस्ताव पेश गरिएको थियो । सो प्रस्तावना यूनिसेफ नेपालबाट स्विकृत भै हाल कार्यान्वयन भईरहेको छ ।

## ७. अन्तरराष्ट्रिय सम्बन्ध विस्तार

१. विश्व बैंकको सहयोग र फ्रिडम फोरमको आयोजनामा 1st National Convention on Right to Information विषयमा नेपालमा पहिलो पटक भएको दुई दिने अन्तराष्ट्रिय सम्मेलनमा जिविस महासंघ नेपालका कार्यकारी महासचिव हेमराज लामिछानेले Role of Local Government and Righ to Information in Nepal विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा नेपाल, भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, भुटान, अफगानिस्थान, र माल्दिभ्सका विशेषज्ञहरुले समेत आफ्नो मुलुकको सूचनाको हक सम्वन्धी अनुभवहरु प्रस्तुत गरिएको थियो । सो कार्यक्रम २०६७ चैत्र १४ र १५ गते तदनुसार मार्च २८ र २९, २०११ मा काठमाण्डौंमा भएको थियो ।

२. संयुक्त राष्ट्र संघ प्रजातन्त्रकोषको सहयोगमा पाँचवटा जिल्लाहरुमा संचालित **सिमान्तकृत महिलाहरुको राजनीतिमा सहभागिता अभिबृद्धि कार्यक्रम**को मूल्याङ्कन गर्न न्यूयोर्कदेखि आएको विशेषज्ञ टोलीले संखुवासभा जिल्लामा गै स्थलगत अध्ययन गरेको थियो भने सरोकारवाला निकायहरुसँग भेट गरी कार्यक्रमको प्रगति र यसको प्रभावको वारेमा छलफल गरी सुझाव लिएको थियो । यस क्रममा जिविस महासंघ नेपाल र कार्यक्रम सहयोगी निकाय विश्व परिदृश्य वकालत मञ्च र राष्ट्रिय आदिवासी महिला मञ्चको कार्यालयमा गएर अन्तक्रिया कार्यक्रम गरेको थियो । त्यसै गरी उज्यालो एफएममा गै रेडियो कार्यक्रमको बारेमा जानकारी हासिल गरेको थियो । जानकारी लिने क्रममा संविधानसभाका माननीय उपाध्यक्ष पूर्णकुमारी सुवेदी, योजना आयोगमा सदस्यहरु डा. प्रेम कुँवर र डा. दिनेश देवकोटा, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका श्री गोपीकृष्ण खनाल, युएनडिपिका सहायक कन्ट्री निर्देशक शरद न्यौपानेसँग समेत भेट गरेको थियो । त्यसै गत २०६७ फागुन १९ गते तदनुसार मार्च ३, २०११ मा काठमाण्डौंमा तत्कालिक योजना आयोगका उपाध्यक्ष डा. जगदिशचन्द्र पोखरेलको प्रमुख आतिथ्यता र संविधानसभा सदस्य माननीय कृष्णप्रसाद सापकोटाको आतिथ्यतामा एक Dessimination Worksp of Project Progress Report आयोजना गरिएको थियो । परियोजना मूल्याङ्कनकालागि Transtect, Belgium बाट Ms. Florence Burban को नेतृत्वमा Ms. Aurelie Ferreira आएका थिए ।

### ३. चीन, दक्षिण कोरिया तथा भारतमा भएका कार्यक्रममा महासंघको सहभागिता

गत चैत्र र बैशाख महिनामा दक्षिण कोरियाको जेजु आइल्याण्डमा भएको वालवालिका ओसारपसार र बेचबिखनमा स्थानीय सरकारको भूमिका र विभिन्न मुलुकका कानुनी व्यवस्था सम्वन्धी अन्तर्राष्ट्रिय सेमिनारमा नेपालबाट सहभागिता गर्नु हुने ५ जना सहभागिहरुका सम्पूर्ण कार्यपत्रहरुका संस्लशीकरण गरी प्रवक्ता कृष्ण प्रसाद जैशीले कार्यपत्र प्रस्तुत गर्ने अवसर प्राप्त गर्नु भएको थियो । त्यसैगरी UCLG ASPAC मा अध्यक्ष र हाल सह-अध्यक्ष रहेको चीनको Chinese Peoples Association for Friendship with Foreign countries (CPAFFC) को निमन्त्रणा र उनीहरुकै सम्पूर्ण खर्चमा चीनको स्थानीय सरकारमा कर तथा गैर करको कानुनी व्यवस्था तथा केन्द्र, प्रान्त तथा चार तहका स्थानीय सरकारहरुको एकापसमा गरिने राजश्व बाँडफाँट तथा हिस्सेदारीको कानुनी व्यवस्थाको अध्ययनको ९ दिने भ्रमणको सिलसिलामा बेइजिङ्ग, तियानजीन र चेङ्गदु नगरपालिका तथा सिचुवान प्रान्तमा दुई पक्षीय भेट र छलफल गरिएको थियो । चीनमा मूल्य अभिवृद्धि करको २७ प्रतिशत र आय करको ५० प्रतिशत आय प्रान्त, महानगरपालिका लगायतका स्थानीय सरकारहरलाई दिइने कानूनी व्ययवस्था हाम्रा लागि पनि सिक्न योग्य रहेछ जुन विषय आगामि कार्ययोजनामा केन्द्रीय सरकारसंग मागको रुपमा अघि सार्न सकिन्छ ।

त्यसैगरी भारतको त्रिवेन्द्रम, केरालामा UCLG ASPAC को कार्यसमितिको बैठक तथा अन्तर्राष्ट्रिय सम्मेलनमा UCLG ASPAC का सहअध्यक्ष तथा प्रवक्ता श्री कृष्ण प्रसाद जैशीले भाग लिनु भई एउटासत्रको अध्यक्षता तथा विचार व्यक्त गर्ने अवसरले भारतका मुख्य नगरपालिकाहरुको समेत एशियाका विभिन्न शहरहरुसंग सम्वन्ध स्थापना तथा नवीकरणको अवसर प्राप्त भएको छ । उपरोक्त तथा त्यस अघिका कार्यक्रका साथै गाविस महासंघको आयोजना र UNESCO को सहयोगमा धुलिखेलमा भएको कार्यक्रम लगायत विभिन्न भेटका क्रममा बङ्गलादेश, पाकिस्तान, श्रीलङ्काका स्थानीय सरकारका संघ संगठनका प्रतिनिधिहरुले दक्षिण एशिया स्तरको **"स्थानीय सरकार मञ्च"** गठन र नेपाललाई नयाँ परिवेशमा सहयोगको खाँचोको विषय उठाई रहेका छन् । दक्षिण एशिया स्तरको स्थानीय सरकारको मञ्चबारे जिविस महासंघ नेपालले पनि मुद्दा अघि सार्दा र प्रस्तावक वा समर्थक हुँदा उपयुक्त हुने देखिन्छ ।

जिआईजेडले सहयोग गर्न सक्ने आशयको गत बैठकको प्रस्तावबारे थप पहल गर्दा हाल नेपालको संविधानका लागि गरिने खर्च स्थगित गरिएको र पुनःनिर्णय भएपछि विचाराधीन राखिएको सूचना प्राप्त भएको छ । आन्तरिक श्रोतको वृद्धि र बाह्य सहयोग जुटाई अध्ययन भ्रमण आदानप्रदान गराउन सकिएको खण्डमा स्थानीय सरकारका अनुभवहरुको सिकाई हुने र सम्बन्ध विस्तारले भविष्यका लागि समेत लाभदायक स्थिति पैदा गर्न सकिने संभावना बढेको छ ।

## ८. विभिन्न कार्यक्रममा सहभागिता

- यस अवधिमा स्थानीय निकाय केन्द्रिय समन्वय समितिको विभिन्न चरणमा बैठक बसी महत्वपूर्ण समसामयिक निर्णयहरु गरेको छ ।
- जिविस महासंघ नेपालका अध्यक्ष ऋषिराज लुम्सालीले गरिबी निवारणकोष लगायत अन्य महत्वपूर्ण बैठकहरुमा नियमित सहभागिता गर्दै आउनु भएको छ ।
- जिविस महासंघ नेपालका प्रवक्ता कृष्णप्रसाद जैसीले स्थानीय शासन तथा सामुदायिक कार्यक्रम, फण्ड वोर्ड र अन्य महत्वपूर्ण वैठकहरुमा नियमित रुपमा सहभागिता गर्दै आउनु भएको छ ।
- जिविस महासंघ नेपालका कार्यसमिति सदस्य माधवप्रसाद पौडेल, भरतबहादुर खड्का, जीवन बहादुर शाही र लालकुमार केसीले आवश्यकता अनुसार विभिन्न वैठकमा जिविस महासंघ नेपालको प्रतिनिधित्व गर्दै आउनु भएको छ ।
- जिविस महासंघ नेपालका कार्यकारी महासचिव हेमराज लामिछानेले स्थानीय शासन उत्तरदायित्व सहजीकरण (Local Governance and Accountability Facility-LGAF) र अन्य वैठकहरुमा नियमित सहभागिता गर्दै आउनु भएको छ ।
- साथै कार्यकारी महासचिव हेमराज लामिछानेले स्थानीय शासन उत्तरदायित्व सहजीकरण (Local Governance and Accountability Facility-LGAF) को पोखरामा भएको दुई दिने क्षेत्रीय कार्यक्रममा जिविस महासंघ नेपालका कार्यसमिति सदस्यहरु जगन्नाथ थपलिया, चित्र थापा, बोमबहादुर खत्री, भरतवहादुर खड्का र कार्यकारी महासचिव हेमराज लामिछानेको सहभागिता रहेको थियो ।

- विश्व बैंकको सहयोग र फ्रिडम फोरमको आयोजनामा 1st National Convention on Right to Information विषयमा नेपालमा पहिलो पटक भएको दुई दिने अन्तर्राष्ट्रिय सम्मेलनमा जिविस महासंघ नेपालका कार्यकारी महासचिव हेमराज लामिछानेले Role of Local Government and Righ to Information in Nepal विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा नेपाल, भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, भुटान, अफगानिस्थान, र माल्दिभ्सका विशेषज्ञहरुले समेत आफ्नो मुलुकको सूचनाको हकसम्बन्धी अनुभवहरु प्रस्तुत गरिएको थियो । सो कार्यक्रम २०६७ चैत्र १४ र १५ गते तदनुसार मार्च २८ र २९, २०११ मा काठमाण्डौंमा भएको थियो ।

## ९. जिन्सी सामान व्यवस्थापनः

१. जिविस महासंघ नेपालको स्वामित्वमा रहेका पुराना सामानहरु जस्तै टेवल, कुर्सी, कम्प्युटर लगायतका सामानहरु लिलाम बिक्री गरिएको छ ।

२. लोडसेडिङ्गका कारणले उर्जाको अभाव भै सचिवालयको दैनिक कार्य गर्न समेत समस्या भएको र पुरानो यूपिएसको बेट्रीहरु काम नलाग्ने भएकोले नयाँ बेट्री खरीद गरिएको छ ।

३. जिविस महासंघमा रहेको फोटोकपी मेशिन धेरै पुरानो भएको कारणले काम गर्न नसक्ने अवस्थामा रहेकोले जेरक्स कम्पनीको नयाँ फोटोकपी मेशिन खरीद गरिएको छ ।

## १०. आय विवरण

### सदस्यता शुल्क असुलीको अवस्थाः

आर्थिक वर्ष २०६७/०६८ मा ताप्लेजुङ्ग, पाँचथर, संखुवासभा, धनकुटा, खोटाङ्ग, उदयपुर, रुपन्देही, धादिङ्ग, काठमाडौं, लमजुङ्ग, तनहुँ, स्याङ्जा, पाल्पा, हुम्ला, सल्यान, प्यूठान, डोटी, अछाम, बझाङ्ग जिल्ला विकास समितिहरुबाट जिविस महासंघ नेपालमा नियमित रुपमा सदस्यता शुल्क प्राप्त भएको छ ।

शुरुका बर्षदेखि हालसम्म डोल्पा जिविसले जिविस महासंघ नेपालमा कुनै पनि बर्षको निर्धारित सदस्यता शुल्क बुझाएको छैन । त्यसैगरी १३ वर्षसम्म सदस्यता शुल्क नबुझाउने जिविसमा रौतहटले यस आ.व.मा गत र यस आर्थिक वर्षको सदस्यता शुल्क भुक्तानी गरेको छ र बाँकी १२ वर्षको सदस्यता शुल्क बाँकी छ । १२ वर्षसम्म सदस्यता शुल्क नबुझाउने जिविस खोटाङ्गले यस आ.व. मा आर्थिक वर्ष २०६३/०६४ देखि २०६७/०६८ सम्मको शुल्क भुक्तानी गरेको छ र ७ वर्षको सदस्यता शुल्क बुझाउन बाँकी रहेको छ । त्यसैगरी १० वर्ष नबुझाउनेमा सप्तरी, महोत्तरी र डडेलधुरा जिविसहरु रहेका छन् भने ९ वर्षसम्मको सदस्यता शुल्क नबुझाउने जिविसहरुमा सोलुखुम्बु, धनुषा, पर्सा, त्यसरी नै ६ वर्षसम्मको सदस्यता शुल्क नबुझाउने जिविसहरुमा भोजपुर, मनाङ्ग रहेको छ भने ७ वर्षसम्मको सदस्यता शुल्क नबुझाउने जिविसहरुमा बैतडी, रुकुम, जिविसहरु रहेका छन् । त्यसैगरी इलाम, झापा, सुनसरी, ओलखढुंगा, रामेछाप, चितवन, सिन्धुपाल्चोक, काभ्रे, भक्तपुर, काठमाडौं, नुवाकोट, नवलपरासी, रुपन्देही, सल्यान, जुम्ला, कालिकोट, सुर्खेत, जाजरकोट, कंचनपुर, डोटी र दार्चुला जिविसले एकवर्ष; तेह्रथुम, मोरङ्ग, सिराहा, दोलखा, सिन्धुली, सर्लाही, मकवानपुर, ललितपुर, रसुवा, कपिलवस्तु, अर्घाखाँची, मुस्ताङ्ग, मुगु, दैलेख र बाजुरा जिविसले दुई वर्ष; गोरखा, कास्की, गुल्मी, पर्वत, म्याग्दी, रोल्पा, बाँके, बर्दिया र कैलाली

जिविसले तीन वर्ष; बारा र दाङ्ग जिविसले चार वर्ष; बाग्लुङ्ग जिविसले पाँच वर्षको सदस्यता शुल्क बुझाउन बाँकी रहेको छ ।

यस आर्थिक बर्षमा सदस्यता शुल्क बुझाउने जिविसहरुमा बझाङ्ग जिविस बाट यस वर्षमा आर्थिक वर्ष २०६१/०६२ देखि २०६६/०६७ सम्मको एकमुष्ट ६० हजार र खोटाङ्ग जिविसबाट आ.व. २०६३/०६४ देखि २०६७/०६८ सम्मको एकमुष्ट ५० हजार सदस्यता शुल्क प्राप्त भएको छ । अन्य जिविसमा लमजुङ्गबाट ४५ हजार, झापाबाट ४० हजार, रौतहटबाट ३० हजार, रसुवाबाट २५ हजार प्राप्त भएको छ । त्यसैगरी ताप्लेजुङ्ग, काठमाडौं र स्याङ्जाबाट २०/२० हजार; धनकुटा र पाल्पाबाट १५/१५ हजार; पाँचथर, उदयपुर, मनाङ्ग, डोटी, प्यूठान, हुम्ला र अछामबाट रु. १०/१० हजार प्राप्त भएको छ । त्यस्तै इलामबाट १४ हजार ९ सय, संखुवासभाबाट ९ हजार ९ सय, धादिङ्गबाट १९ हजार ९ सय, तनहुँबाट १४ हजार ९ सय, सल्यानबाट ९ हजार ८ सय सदस्यता शुल्क वापत जिविस महासंघ नेपालमा प्राप्त भएको छ । आर्थिक वर्ष २०६७/०६८ मा जम्मा ४,७९,४००।- (चार लाख उनासी हजार चारसय) सदस्यता शुल्क प्राप्त भएको छ । बाँकी जिविसहरुबाट सदस्यता शुल्क असुली हुन बाँकी रहेको छ ।

जिल्ला विकास समिति महासंघ नेपालको कार्यसमितिको मिति २०६७ साल पौष २१ गते बसेको वैठकको निर्णयानुसार जिविस महासंघ नेपालले विगत १० वर्ष यता सदस्यता कायम गरिएको सदस्यता शुल्कमा हालसम्म कुनै परिमार्जन हुन नसकेको सन्दर्भमा आगामी आ.व. २०६८/०६९ देखि प्रत्येक जिविसहरुलाई साविकमा तोकिएको सदस्यता शुल्कको २५ प्रतिशत थप शुल्क बृद्धि गर्न प्रस्ताव गरी जिल्ला विकास समिति तथा स्थानीय विकास अधिकारी समाजलाई कार्यान्वयनका लागि अनुरोध गरिएको थियो ।

# भाग २

## आर्थिक वर्ष २०६८/०६९ को पारित कार्यक्रम तथा बजेट

जिल्ला विकास समिति महासंघ नेपालले आर्थिक बर्ष २०६८/०६९ मा देहायबमोजिक कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरेको छ ।

### १. स्थानीय विकास मन्त्रालय अन्तर्गत

| क.सं. | क्रियाकलापहरु | मन्त्रालय मार्फत अनुमानित रकम (रु.) | जिविस महासंघ नेपालको आन्तरीक अनुमानित रकम रु | कुल जम्मा अनुमानित रु. |
|---|---|---|---|---|
| १ | तीनवटा राष्ट्रियस्तरको कार्यशाला गोष्ठी आयोजना | ४,६७,०००.०० | ४००,०००.०० | ८,६७,०००.०० |
| २ | जिविसहरुको वित्तीय डाटावेश तयार गर्ने | ३,५५,०००.०० | २००,०००.०० | ५,५५,०००.०० |
| ३ | २०६९ सालको डायरी प्रकाशन तथा वितरण | ३,२८,०००.०० | - | ३,२८,०००.०० |
| ४ | विभिन्न समसामयिक पुस्तक खरीद | ५८,०००.०० | - | ५८,०००.०० |
| ५ | १४ जिल्लामा न्यूनतम शर्त तथा कार्यसम्पादन सम्बन्धी छलफल | ४,५८,०००.०० | ४००,०००.०० | ८,५८,०००.०० |
| | **जम्मा** | **१६,६६,०००.००** | **१०,००,०००.००** | **२६,६६,०००.००** |

### २. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत

| क.सं. | क्रियाकलापहरु | मन्त्रालय मार्फत अनुमानित रकम (रु.) |
|---|---|---|
| १ | १५ जिल्लामा अन्तरक्रिया कार्यक्रम | १४,८५,०००.०० |
| २ | स्थानीय प्रजातन्त्र प्रकाशन तथा वितरण (तीन अंक) | ८,७४,०००.०० |
| ३ | रेडियो तथा टेलिभिजन कार्यक्रम तयारी तथा प्रकाशन | २,४१,०००.०० |
| ४ | अन्य समसामयिक अन्तरक्रिया | २,००,०००.०० |
| | **जम्मा** | **२८,००,०००.००** |

### ३. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (क्षमता विकास कार्यक्रम)

| क.सं. | क्रियाकलापहरु | मन्त्रालय मार्फत अनुमानित रकम (रु.) |
|---|---|---|
| १ | कार्यसमिति पदाधिकारी तथा कर्मचारीको तालिम/अभिमुखीकरण | २,००,०००.०० |
| २ | वेबसाइट अद्यावधिक | ५०,०००.०० |
| ३ | यूसिएलजीको बार्षिक सदस्यता शुल्क | ५८,०००.०० |
| ४ | केन्द्रियस्तरका लवी तथा पैरवी सम्वन्धी कार्यक्रम सञ्चालन | १,६१,०००.०० |
| ५ | आवश्यक उपकरण र फर्निचर खरीद | २,४५,०००.०० |
| ६ | राष्ट्रिय तथा अन्तरराष्ट्रिय भेलामा सहभागिता | १,९२,०००.०० |
| | **जम्मा** | **९,०६,०००.००** |
| | **कूल जम्मा** | **६३,७२,०००.००** |

**अक्षेरुपी :** त्रिसठ्ठी लाख बहत्तर हजार मात्र ।

## ४. उर्जा तथा वातावरणसम्बन्धी कार्यक्रम

**जिल्ला विकास समिति महासंघ नेपालको प्राकृतिक उर्जा तथा वातावरण इकाईको**
**आर्थिक वर्ष ०६८/०६९ (2011/12) को पारित कार्यक्रमहरु**
श्रोत : वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र तथा ग्रामिण उर्जा विकास कार्यक्रम

| क.सं | कार्यक्रम | इकाई | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सजिवन खेती सम्वन्धी सरोकारवालाहरुलाई तालिम दिन सहजिकरण गर्ने उद्धेश्यले बैकल्पिक उर्जा प्रवर्धन केन्द्रको सहयोगमा तालिम सहजिकरण म्यानुअल तयार गर्ने निर्णय भयोसजिवन खेतिको प्रवर्द्धन तथा यसको उपयोगिता माथि तालिम तथा अन्तरक्रिया गर्ने | | ८,००,००० | |
| २ | नविकरणिय उर्जा प्रविधिको प्रवर्द्धन तथा नेपाल सरकारको उर्जा नीति, स्थानीय निकायको भूमिका बारे जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम | २ | २,५०,००० | |
| ३ | उर्जा तथा बातावरण क्षेत्रलाई प्राथमिकता दिएर चार अंकको ईबुलेटिन प्रकाशन तथा प्रसारण गर्ने निर्णय भयो । | | | |
| ४ | जिल्ला उर्जा सञ्जालको आवश्यकता अनुसार बैठकको आयोजना गर्ने र सहजीकरण गर्ने | | १,२०,००० | |
| ५ | उत्कृष्ट जिल्लाहरुलाई पुरस्कृत गर्ने कार्यक्रम | | १,५०,००० | |
| ६ | उर्जा तथा बातावरणको क्षेत्रमा केन्द्र/ जिल्लामा पैरवी र वकालती गर्ने | | | |
| ७ | उर्जा तथा वातावरण सम्वन्धी "सफलताका संगालो" बार्षिक रुपमा मा प्रकाशन तथा वितरण गर्ने | | १,७०,००० | |
| ८ | जिल्ला उर्जा तथा बातावरण शाखाको आन्तरिकीकरण गर्ने बारेमा नेपाल सरकार, दातृ निकायहरु, जिविससग निरन्तर पैरवी तथा वकालति गर्ने | | १,५०,००० | |
| ९ | उर्जा तथा बातावरण विद्ले आवश्यकता अनुसार विभिन्न बैठक, सेमिनार तथा गोष्ठीमा सहभागिता जनाउन | | | |
| १० | जिल्लामा उत्पादित माईक्रो (पाँच सय किलोवाट सम्मको) र मिनी विद्युत उत्पादनलाई राष्ट्रिय प्रसारणमा जोड्नका लागि आवश्यकता अनुसार निरन्तर नेपाल सरकार र दातृ निकायहरुसँग पैरवी र वकालति गर्ने निर्णय भयो । र ऊजाको परिप्रयोग पैरवी र वकालति गर्ने निर्णय भयो | | १,५०,००० | |
| ११ | PPP model को वारेमा पैरवी र वकालति गर्ने | | | |
| १२ | NaREE Unit को संस्थागत र दिगो विकास | | ८,००,००० | |
| १३ | उर्जा तथा बातावरण इकाईको वेभसाइट अध्यावधिक गने | | ३०,००० | |
| १४ | जिल्ला विकास समितिको वार्षिक योजना तर्जुमा प्रक्रियामा वा जिल्ला ऊर्जा तथा वातावरण शाखासग शाखाको गतिविधि वारे अन्तरक्रिया वा अन्य सहयोग गर्ने | ४ | १,००,००० | |
| | **कुल जम्मा रु.** | | **२७,००,०००** | |
| | उर्जाको प्रवर्द्धन र स्थानीय निकायको भूमिका सम्बन्धि गोष्ठी आयोजना गर्ने # | | | |

*# प्रस्ताव तयारी गरी उर्जा मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र आदिसग कुराकानी भैइरहेको*

## ५. अन्य कार्यक्रम

### ५.१ यूनिसेफ नेपालसँगको सहकार्य

जिल्ला विकास समिति महासंघ नेपाल र यूनिसेफ नेपालबीच भएको समभ्कदारी अनुसार चालु आर्थिक वर्षमा निम्न दुई अध्ययन कार्यक्रमहरु सञ्चालन गरिने छ । सो कार्यक्रमका लागि यूनिसेफ नेपालले जिविस महासंघ नेपाललाई रु. ४८ लाख ८२ हजार ४ सय उपलब्ध गराउनेछ ।

1. A Review on Status of Decentralization and Equity for Child Rights in Nepal
2. Assessment on the Use of District/Village Development Funds (Including Block Grants) for Children, Women and Disadvantaged Groups in DACAW and Non-DACAW Districts of Nepal

## ६. आर्थिक वर्ष २०६८/०६९ को कुल अनुमानित आय तथा खर्च विवरण

| क.सं. | क्रियाकलापहरु | अनुमानित आय रकम रु. | अनुमानित व्यय रकम रु. |
|---|---|---|---|
| १ | आन्तरीक तर्फ | ४६,८९,९५६।०० | ४६,८९,९५६।०० |
| २ | स्थानीय विकास मन्त्रालयको अनुदान | ६३,७२,०००।०० | ६३,७२,०००।०० |
| ३ | स्थानीय विकास मन्त्रालयको सहयोगमा संचालित नगर, गाउ र जिल्लाको आवधिक योजना तर्जुमा निर्देशिका पुनरावलोकनको परियोजना संचालन गर्न प्राप्त रकम | ७०,६६८।०० | ७०,६६८।०० |
| ४ | वैकल्पिक उर्जा प्रवर्धन केन्द्र तथा ग्रामीण उर्जा विकास कार्यक्रमबाट नारी इकाई सञ्चालानार्थ खर्च | २७,००,०००।०० | २७,००,०००।०० |
| ५ | डिनेट (जिल्ला उर्जा सञ्जाल) | ६,६४,७४१।५५ | ६,६४,७४१।५५ |
| ६ | युनिसेफ | ४८,८२,०००।०० | ४८,८२,०००।०० |
| ७ | युएनडिपी | ४,७९,६३७४२ | ४,७९,६३७४२ |
| | **जम्मा** | **१,९८,५९,००२.९७** | **१,९८,५९,००२.९७** |

*अनुसूची १*

# स्थानीय निकाय केन्द्रीय समन्वय समिति

**(जिविस महासंघ नेपाल, नेपाल नगरपालिका संघ, गाविस राष्ट्रिय महासंघ नेपाल)**

**मितिः – २०६८/२/१४**

# संयुक्त प्रेस विज्ञप्ति

२०५९ श्रावणदेखि स्थानीय सरकारहरु जनप्रतिनिधिविहीन हुँदा लोकतन्त्र, सुशासन, दिगो शान्ति र विकासको आधार दिनानुदिन कमजोर हुँदै गएको बिषय सर्वविदितै छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा १३९ अनुसार स्थानीय सरकारको निर्वाचनबाट गठन गर्ने र निर्वाचन नभएसम्मको छोटो अवधिका लागि संविधानसभामा प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुको सहभागितामा स्थानीय निकाय गठन गर्ने भन्ने प्रष्ट संवैधानिक व्यवस्थाको उल्लंघन गर्दै नेपाल सरकारले गैर संवैधानिक रुपमा स्थानीय तहमा जिम्मेवारीविहीन सर्वदलीय संयन्त्रको व्यवस्था गरेको छ । जिल्ला विकास समिति महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाविस राष्ट्रिय महासंघ नेपालले विगतदेखि नै उक्त निर्णयको निरन्तर विरोध गर्दै आएको सन्दर्भमा तीनवटै संघमहासंघहरुको संयुक्त आयोजनामा २०६८ जेठ ११ गते माइतिघर मण्डलादेखि नयाँ बानेश्वरसम्म शान्तिपूर्ण विरोध र्‍याली तथा मिति २०६८ जेठ ११ गते देखि १४ गतेसम्म रत्नपार्कस्थित शान्तिबाटिकामा २४ घण्टे रिले अनसन सम्पन्न भएको छ । उक्त कार्यक्रमका प्रमुख मागहरु देहाय बमोजिम रहेका थिए :

१) **नयाँ बन्ने संविधानमा लोकतान्त्रिक स्थानीय स्वायत्त सरकारको प्रष्ट व्यवस्था गरियोस् ।**

२) **६ महिनाभित्र स्थानीय सरकारको निर्वाचन गरियोस् ।**

स्थानीय सरकारका संघमहासंघको आयोजनामा सम्पन्न यस कार्यक्रममा सक्रीय सहभागिता जनाउनुहुने स्थानीय सरकार संघ महासंघका पदाधिकारी, सदस्यहरु, स्थानीय सरकारका निवर्तमान निर्वाचित जनप्रतिनिधिहरुप्रति हामी कृतज्ञता सहित हार्दिक धन्यवाद दिन चाहन्छौ । कार्यक्रममा ऐक्यवद्धता जाहेर गर्नुहुने राजनीतिक दलका प्रतिनिधिहरु, संविधानसभाका माननीय सभासदहरु, पूर्व सांसदहरु, उपत्यका लगायतबाट स्थानीय सरकारका कर्मचारीहरु, नागरिक समाजका अगुवाहरु, बुद्धिजिवीहरु, मानव अधिकारकर्मीहरु, वकिल, पत्रकार, शिक्षक, विद्यार्थि लगायत सम्पूर्ण आम नागरिकहरुमा हार्दिक आभार व्यक्त गर्दछौं ।

हाम्रा मागहरुप्रति नेपाल सरकार तथा संविधानसभाको गम्भीर ध्यानाकर्षण हुने अपेक्षा गर्दै उक्त मागहरुको सम्वोधन नभएमा स्थानीय सरकारका संघ महासंघहरुको नेतृत्व र देशभरका स्थानीय सरकारहरुको सहभागितामा थप विरोधका सशक्त कार्यक्रम गर्न वाध्य हुने बिषय सार्वजनिक गर्न चाहन्छौं ।



ऋषिराज लुम्साली
अध्यक्ष
जिविस महासंघ नेपाल



डोरमणी पौडेल
अध्यक्ष
नेपाल नगरपालिका संघ



महिन लिम्बु
अध्यक्ष
गाविस राष्ट्रिय महासंघ नेपाल

### दिगो शान्ति सहितको स्थानीय स्वायत्त सरकारःराष्ट्र निर्माणको मूल आधार

## स्थानीय सरकारको संवैधानिक व्यवस्था र ६ महिनाभित्र अन्तरिम स्थानीय निर्वाचनका लागि

## स्थानीय सरकारका संघ/महासंघहरुको अपील

**आदरणीय दिदीबहिनी तथा दाजुभाईहरु !**

स्थानीय सरकारमा २०५९ श्रावणदेखि जनप्रतिनिधि नहुँदा जिल्ला, नगर तथा गाँउ तहमा बार्षिक रुपमा खर्च हुने अरबौंको रकम जनताका माग र आवश्यकता अनुरुप परिचालन हुन सकेको छैन । यसबाट देशको सामाजिक, आर्थिक र राजनीतिक विकासमा अपुरणीय क्षति भैरहेको छ । सरकारको यस्तो रबैयाबाट अन्तरिम संविधान २०६३ को धारा १३९ (उपधारा १ को निर्वाचन र २ को संविधान सभामा प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधित्व भएका दलबाट गठन गर्ने व्यवस्था) को उल्लंघन भएको मात्र नभई निर्वाचित जनप्रतिनिधि मार्फत शासन प्रक्रियामा सहभागी हुने नागरिकको आधारभूत राजनीतिक तथा मानव अधिकारको समेत उपहास भएको छ । स्थानीय सरकारको संचालन निर्वाचित जनप्रतिनिधिमार्फत नहुँदा राष्ट्रिय विकास, दिगो शान्ति निर्माण प्रक्रिया र राजनीतिक स्थायीत्वमा गम्भीर नकारात्मक असर पर्न गएको छ । यस्तो अवस्था स्थानीय सुशासन, लोकतन्त्र र विकेन्द्रीकरणको संस्थागत विकासका लागि घातक हो ।

यस कुरालाई हृदयंगम गरी स्थानीय सरकारका संघ/महासंघहरुले यस अघि पनि स्थानीय सरकारको अविलम्ब निर्वाचनका पक्षमा राजनीतिक दल, संविधानसभा, प्रधानमन्त्री लगायत सरोकारवालाहरुको ध्यानाकर्षण गराउंदै सम्मानित सर्बोच्च अदालतमा मुद्दा समेत दर्ता गरेको कुरा स्मरणार्थ अवगत गराउंछौं ।

संघीय शासन प्रणाली अवलम्बन गर्ने सहमति र अन्तरिम संविधानबमोजिम दुईवर्षमा बन्नु पर्ने संविधान निर्माण हुन नसकि दोस्रो पटक म्याद थप गर्ने प्रस्ताव संविधानसभामा दर्ता भएको छ । बारम्बार संविधानसभाको म्याद बढाउदै जाने बिषय जनताले दिएको जनादेश विपरित र जवाफदेहीता माथि नै प्रश्न उठ्ने बिषय हो तथापि, संविधानसभाबाट नयाँ संविधान बन्नुको अर्को उत्तम विकल्प पनि छैन । साथै १४ बर्षसम्म स्थानीय निर्वाचन नगरिदा लोकतान्त्रिक व्यवस्थाको आधार कमजोर बन्न गएको छ । अतः स्थानीय स्वायत्त सरकारको प्रष्ट व्यवस्था सहितको लोकतान्त्रिक संघीय गणतन्त्रात्मक संविधान निर्माण, दिगो शान्तिको ग्यारेण्टी र तत्काल स्थानीय सरकारको अन्तरिम निर्वाचन गरी स्थानीय सेवालाई प्रभावकारी बनाउन दवाव दिने उद्देश्य स्थानीय सरकारका तीनवटै संघ/महासंघहरुले लिएको छौं । यस सन्दर्भमा स्थानीय निकायका सघ/महासंघहरु-जिविस महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाविस राष्टिय महासंघ नेपाल देहायका माग राखी सम्वद्ध निकायहरुको ध्यानाकर्षण गर्न चाहन्छौं ।

**<u>हाम्रा मागहरु</u>**

१. **समावेशी र समानुपातिक स्थानीय स्वायत्त सरकार सहितको लोकतान्त्रिक संविधान जारी गर ।**

२. **६ महिनाभित्र स्थानीय सरकारको अन्तरिम निर्वाचन गर ।**

जनताको सबैभन्दा नजिकको स्थानीय स्वायत्त सरकारको संवैधानिक सुनिश्चितताले मात्र लोकतान्त्रिक संघीय व्यवस्थाका उपलव्धीहरुलाई आम जनताका माझमा पुऱ्याउन तथा राज्यप्रति जनताको अपनत्व बढाई दिगो आर्थिक वृद्धि हासिल गर्न अपरिहार्य रहेको विश्वास व्यक्त गर्दै यस गम्भीर विषयलाई तत्काल सम्वोधन गर्नका लागि जोडदार माग गर्दछौं । आम नागरिकको साझा सरोकारका

उपरोक्त मुद्दाहरुमा आ-आफ्नो तहबाट ऐक्यवद्धता जनाउँदै यस साझा अभियानका लागि राजनीतिक दलहरु, स्थानीय सरकारहरु, नागरिक समाज, सम्पूर्ण बुद्धिजिवीहरु, विकासका साझेदार निकायहरु, पेशागत संघ/संगठनहरु, पत्रकार जगत तथा आम नागरिकहरु समक्ष हार्दिक अपील गर्दछौं ।



ऋषिराज लुम्साली
अध्यक्ष
जिल्ला विकास समिति महासंघ नेपाल



डोरमणी पौडेल
अध्यक्ष
नेपाल नगरपालिका संघ



महिन लिम्बु
अध्यक्ष
गाविस राष्ट्रिय महासंघ नेपाल

**<u>हाम्रा कार्यक्रमहरु</u>**

**१. २०६८ जेठ ५ गते, स्थानीय निकाय केन्द्रीय समन्वय समितिको बैठक तथा उपत्यकाका पूर्ब पदाधिकारीहरुसंग अन्तरक्रिया**

**२. २०६८ जेठ १० गते, २:०० बजे काठमाडौं जिविसको सभाकक्षमा उपत्यकाका पूर्ब पदाधिकारीहरुको बृहत तयारी भेला**

**३. २०६८ जेठ १० गते ४:३० बजे काठमाडौं जिविसको सभाकक्षमा पत्रकार सम्मेलन**

**४. २०६८ जेठ ११ गते १:०० बजे माइतिघर मण्डलाबाट संविधानसभा भवनसम्म बृहत ऱ्याली**

**५. २०६८ जेठ ११ गते देखि १४ गते सम्म २४ घण्टे रिले अनसन**

# जिल्ला विकास समिति महासंघ नेपालको

# अपील

स्थानीय निकायका संघ महासंघहरु (जिविस महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाविस राष्टिय महासंघ नेपाल)ले आफ्नो स्थापनाकालदेखि नै स्थानीय स्वायत्त शासन तथा स्थानीय लोकतन्त्रको संस्थागत विकास तथा सुदृढीकरणका लागि सामुहिक वकालत र पैरवी तथा दवाव सिर्जना गर्दै आएका छौ । जिविस महासंघ नेपालले स्थापना काल (वि.स. २०५२) देखिनै ४ "डि" प्रजातन्त्र (Democracy) विकेन्द्रीकरण (Decentralization), जिल्ला सरकार (District Government) र विकास (Development) जस्ता स्थानीय स्वायत्त शासनका महत्वपूर्ण पक्षको प्रवर्द्धन र संवर्द्धनका लागि सामुहिक वकालत र पैरवी गर्न तथा दवाव सिर्जना गर्दै आएको छ । महासंघ विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय मञ्चहरुको सदस्यता ग्रहण गर्ने र स्थानीय स्वशासन तथा विकेन्द्रीकरणको पक्षमा पैरवी तथा वकालतिका कार्यहरु गर्ने, स्थानीय तहमा राजनीतिक, प्रशासनिक तथा आर्थिक अधिकारको प्रत्याभूत गर्न, जिल्ला तहबाट प्रभावकारी समन्वय र सेवा प्रवाहका लागि जिविसहरुको क्षमता विकास र अभिवृद्धिमा सहयोग गर्न, गराउन र केन्द्रबाट गरिने कार्यजिम्मेवारी जनताको नजिकको स्थानीय सरकारको तहबाट छिटो, कम खर्चिलो र गुणस्तरीय बनाउने जस्ता कार्यमा समेत निरन्तर क्रियाशील रहदै आएको छ ।

नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावना, राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु र संविधानको धारा १३९ ले स्थानीय निकाय (गाविस, जिविस र नगरपालिका) को आवधिक निर्वाचन गर्नुपर्ने कुरालाई स्पष्टसँग उल्लेख गरेको छ । सम्मानित सर्वोच्च अदालतले समेत जनप्रतिनिधिविनाको स्थानीय सरकारको कल्पना लोकतन्त्रमा गर्न नसकिने उल्लेख गर्दै निर्वाचन गराउन २०६६ साल मंसिरमा नेपाल सरकारको ध्यानाकर्षण गराई सकेको छ । तथापि, नेपाल सरकारले हालसम्म नतः निर्वाचनको कुनै तयारी गरेको छ, नतः निर्वाचन नभएसम्मका लागि अन्तरिम संविधानको भावना र प्राबधान अनुसार संविधानसभामा प्रतिनिधित्व भएका राजनीतिक दलको सहभागितामा स्थानीय निकाय सञ्चालन गर्ने निर्णय नै गरेको छ ।

संविधानसभाबाट नयाँ संविधान निर्माण, दिगो शान्ति स्थापना र लोकतान्त्रिक संघीय ढाँचामा राज्यको पुनसंरचना गर्न संविधान सभाको निर्वाचन सम्पन्न भएको पनि करिव ३ वर्ष वितिसकेको छ । शान्ति प्रक्रियामा विगत वर्षहरुमा सुधार हुँदै आएको र यसबीचमा संविधानसभा लगायत राजनीतिक दलका महाधिवेशनदेखि जिल्ला, गाउँ नगर तहसम्मको निर्वाचन, विभिन्न पेशागत संगठन र विद्यार्थि संगठनको निर्वाचन सम्पन्न भएका छन । तथापि, स्थानीय निर्वाचन गर्ने तर्फ भने सरकार तथा दलहरुको ध्यान गएको छैन । साथै संविधान निर्माण तथा राज्यको पुनःसंरचनाले मूर्तरुप पाएपछि, संघीय र प्रादेशिक विधायिकाको निर्वाचन, स्थानीय सरकारको पुनसंरचना र आवश्यक कानुन निर्माण गरी मात्र स्थानीय निर्वाचन गर्ने भन्ने सोंचले स्थानीय निर्वाचन गर्न अझै बर्षौ लाग्ने देखिन्छ ।

स्थानीय निर्वाचनको मुद्दालाई दलको हार वा जितको विषय नभई तत्काल निर्वाचन गरेर जनप्रतिनिधिमूलक व्यवस्था गर्नका लागि हो भनेर ग्रहण गरिनु पर्दछ । यस विषयलाई स्थानीय निकायका संघ महासंघहरुले निरन्तर आवाज उठाउँदा पनि नेपाल सरकार गम्भीर हुन सकेको छैन । आम जनताको साझा सरोकारको यस विषयमा सरोकारवालाहरुको थप ध्यानाकर्षण गराउन र जनप्रतिनिधिमार्फत स्थानीय सरकार सञ्चालन गर्ने व्यवस्था गराउन आम नागरिक, स्थानीय सरकारहरु, नागरिक समाज, राजनीतिक दलहरु, दातृ निकायहरु, पत्रकार जगत र सम्पूर्ण बुद्धिजिवीहरु समक्ष ऐक्यबद्धता र साझा अभियानका लागि हाल स्थानीय शासनको अभ्यासमा देखिएका देहाय बमोजिमको अवस्थाप्रति स्मरण गराउदछौं ।

- निर्वाचित जनप्रतिनिधिमार्फत शासन प्रक्रियामा सहभागी हुने नागरिकको मानव अधिकार तथा लोकतान्त्रिक अधिकार कुण्ठित हुन गएको छ ।

- हाल स्थानीय निकायको कार्यकारिणी तथा परिषद्को भूमिका निर्वाह गर्ने जिम्मेवारी नेपाल सरकारबाट तोकिएका एकजना कर्मचारीमा रहँदै आएको र सर्वदलीय संयन्त्रलाई साछिको रुपमा मात्र राखिएको छ । यसबाट स्थानीय तहमा समावेशिता, जवाफदेहीता, पारदर्शिता, शक्तिको पृथकीकरण र सन्तुलनजस्ता लोकतान्त्रिक मूल्य र मान्यतामा ह्रास भएको छ ।

- नेपाल सरकारबाट स्थानीय तहका लागि विनियोजित बजेट लगभग १७ अर्ब रहने गरेको, अन्य बिषयगत कार्यालयबाट लगभग ५० अर्वभन्दा बढी खर्च हुने तथा स्थानीय सरकारको आन्तरिक आम्दानी समेत उल्लेख्य रहेको अवस्थामा सोको परिचालन गर्ने जनप्रतिनिधिमुलक व्यवस्था नहुनु र स्थानीय तहको संस्थागत क्षमता अभिबृद्धिमा ध्यान नजानुजस्ता कारणले स्थानीय तहबाट हुने खर्च प्रभावकारी, पारदर्शी, सहभागितामुलक हुन सकेको छैन ।

- स्थानीय निकायहरुले ऐन, नियमबाट प्रदत्त अधिकार अनुसार राजश्वको अभिबृद्धि तथा परिचालन गर्न सकेका छैनन् र राजश्व घट्दो क्रममा छ । स्थानीय प्राकृतिक श्रोत साधनहरु जस्तै, वन, खनिज, ढुङ्गा, गिट्टी वालुवा, जडिबुटी, आदिको अनियन्त्रित दोहन भईरहेको र संरक्षणमा कमी आईरहेको ।

- देशका कतिपय भागमा सशस्त्र अपराधिक समुहको डर, त्राश विद्यमान छ, स्थानीय निकायका कर्मचारीहरुको सुरक्षा कवचका रुपमा रहने जनप्रतिनिधि नहुँदा झन असहज वातावरण रहेको छ ।

- स्थानीय सरकारका आवधिक योजना, गुरुयोजना तथा वार्षिक योजनामा समावेशी र सहभागितात्मक योजना प्रक्रियालाई जनप्रतिनिधिको अभावमा प्रभावकारी रुपमा अवलम्वन गर्न सकिएको छैन । हचुवा योजना प्रक्रियाले प्रश्रय पाईरहेको छ । गुणस्तरीय र दिगो योजनाबद्ध विकास कमजोर हुँदै गएको छ ।

- ठेक्का पट्टा तथा उपभोक्ता समितिबाट सञ्चालन गरिने विकास कार्यक्रमहरुमा धाक, धम्कीका आधारमा गर्ने, कानुनको अवज्ञा गर्ने जस्ता घटनाले अनियमितता समेत बढ्दै गएको छ । योजना प्रक्रियामा जनसहभागिता घट्दो छ ।

- देशभरिमा करिव ८५० गाविस सचिव पद रिक्त रहेका छन् । फलतः सरकार सेवा दिन जनताको घरदैलोसम्म पुग्नुपर्नेमा उल्टै जनताले एउटा सामान्य सिफारिस लिन समेत सेवाप्रदायक निकाय वा व्यक्ति खोज्दै जिल्ला सदरमुकाम वा अन्य टाढाका मुकाममा धाउनु पर्ने समस्या रहेको छ ।

- स्थानीय तहमा सञ्चालन हुने विकास निर्माण कार्यमा स्थानीय निकायको नेतृत्व कमजोर हुँदै गएको, अन्य विकाससँग सम्बद्ध निकायहरु (विषयगत निकाय, सामाजिक संघसंस्था, सहकारी, गैसस, निजी क्षेत्र) सँगको समन्वय, सम्बन्धमा कमि आएको छ । राज्यका केन्द्रिय कार्यक्रम र योजना कार्यान्वयन समेत प्रभावकारी हुन सकेको छैन ।

- स्थानीय तहको द्वन्द्व व्यवस्थापन जटिल र ढिलो हुने गरेको परिणामस्वरुप अराजकता बढ्दै गएको छ । स्थानीय तहमा मेलमिलापको वातावरण बनाउन सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरी जननिर्वाचित स्थानीय सरकार सहित स्थानीय समिति समेत परिचालित गर्नु पर्ने आवश्यकता देखिन्छ ।

- देश अहिले नयाँ संविधान निर्माण र राज्य पुनःसंरचनाको ऐतिहासिक चरणमा रहेको छ । यस प्रक्रियामा स्थानीयस्तरका आवाजहरुलाई संगठित र वैधानिक रुपमा संविधान सभासम्म पुऱ्याउने सवैभन्दा प्रभावकारी माध्यम स्थानीय सरकारहरु रहनसक्ने कुरामा दुई मत छैन । तथापि, यी निकायहरुमा जनप्रतिनिधिविहीनताले यस प्रक्रियामा स्थानीय आवाज नसमेटिने र यसबाट भविष्यमा अर्को द्वन्द्वको सिर्जना हुने हो कि भन्ने आशंका रहेको छ ।

स्थानीय सरकारका संघ महासंघहरु जिल्ला विकास समिति महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाविस राष्ट्रिय महासंघ नेपालले निरन्तर रुपमा देहाएका बिषय तथा धारणाहरु उठान गर्दै आएको कुरा सम्पूर्ण सरोकारवालाहरुलाई पुनः स्मरण गराउन चाहन्छौं ।

**स्थानीय निकायको गठन सम्बन्धमा**

- वर्तमान संक्रमणकालीन अवस्थामै तत्काल स्थानीय निकायको निर्वाचन गरिनुपर्दछ ।

- निर्वाचन प्रक्रियालाई समावेशी र समानुपातिक तुल्याउन प्रचलित ऐन, नियममा बदलिदो राजनीतिक अवस्था र आवश्यकता अनुसार सुधार एवम् संशोधन गरिनुपर्दछ ।

- हाल स्थानीय निकाय सञ्चालनका लागि रहेको राजनीतिक संयन्त्र तत्काल खारेज गरी निर्वाचन नभएसम्मको छोटो अवधिका लागि संविधानसभामा प्रतिनिधित्व भएका प्रमुख राजनीतिक दलको अगुवाई र अन्य दलहरुको सहभागितामा स्थानीय निकाय सञ्चालनको अविलम्व व्यवस्था समेत गरिनुपर्दछ ।

## संवैधानिक व्यवस्था र स्थानीय निकायको पुनसंरचना सम्बन्धमा

- संविधानसभाका विभिन्न बिषयगत समितिहरुका प्रस्तावमा देहाएका विषयहरु समेटिएका छन, जुन सकारात्मक रहेका छन । संविधान मस्यौदाको आगामी चरणमा जुनसूकै बिषयगत समितिबाट पेश भएका मस्यौदाका प्रस्तावहरु नछुटाई संलग्न गरिनुपर्दछ ।

  - स्थानीय स्वायत्त शासनबारेमा स्थानीय सरकारहरु स्वायत्त हुने,
  - नेपाली भाषाका अलावा आफ्नो कामकाजको अलग्गै स्थानीय भाषा हुनसक्ने,
  - स्थानीय सरकारले आफ्ना क्षेत्राधिकारका विषयमा कानुन बनाई लागू गर्न सक्ने,
  - आफ्नो योजना तथा बजेट बनाई लागू गर्ने,
  - स्थानीय श्रोत साधन र तोकिएका विषयक्षेत्रमा राजश्व परिचालन संकलन गर्नसक्ने र समानीकरणको सिद्धान्त बमोजिम राजश्व बाँडफाँट र राष्ट्रिय अनुदान प्राप्त गर्न सक्ने,
  - स्थानीय सरकार कार्यकारीले आफ्नो कार्यसञ्चालन नियम आफै बनाई लागू गर्ने,
  - स्थानीय विधायिकाको रुपमा परिषदहरु रहने,
  - न्याय सम्पादनका लागि कानुन वमोजिम स्थानीय तहमा न्यायिक संयन्त्रहरु रहने,
  - स्थानीय सरकारको कर्मचारी व्यवस्थापनका लागि अलग्गै स्थानीय सेवा रहने ।

- संविधानसभाका विषयगत समितिबाट प्रस्तुत केही प्रस्तावहरु स्थानीय स्वायत्त शासनको लोकतान्त्रिकरण, स्वायत्तता तथा प्रभावकारी सञ्चालन एवम् व्यवस्थापनका लागि उपयुक्त नहुने, प्रचलित स्वायत्त शासनका विश्वव्यापि अभ्याससँग मेल नखाने तथा केहीको हकमा अपूर्ण समेत रहेको सन्दर्भमा निम्नानुसार व्यवस्था गरिनुपर्दछ भन्ने धारणाहरु जिविस महासंघ नेपालबाट निरन्तर उठाइरहेका छौं ।

  - स्थानीय सरकारलाई संघ वा प्रदेशको अधिनस्थ नभई स्वायत्त सरकारका रुपमा स्थापना गर्ने व्यवस्था गरिनुपर्दछ र स्थानीय सरकार गठनको व्यवस्था संघीय संविधानमानै प्रत्याभूत गरिनुपर्दछ ।
  - अनिश्चित समयसम्म स्थानीय सरकार जनप्रतिनिधिविहीन रहेको वर्तमान अवस्थाको पिडा भविष्यमा नदोहोरियोस् भन्नका लागि आवधिक निर्वाचनमार्फत गठित अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुने गरी संविधानमा मौलिक हकका रुपमा प्रत्याभूति गरिनुपर्दछ ।
  - संविधान संशोधन, राज्यका सन्धि सम्झौता, प्राकृतिक श्रोत तथा सिमाना निर्धारण जस्ता बिषयमा निर्णय गर्दा सम्बन्धित प्रदेश, स्थानीय सरकारहरु र समुदायहरुसँगको परामर्शमा मात्र गर्ने व्यवस्था गरिनुपर्दछ ।
  - स्थानीय सरकारलाई संघीय इकाईका रुपमा मान्यता दिइनुपर्दछ र राज्यको परिभाषा खण्डमा नै स्थानीय सरकार र प्रदेश सरकारको साझा इकाईका रुपमा लोकतान्त्रिक संघीय गणतन्त्रात्मक नेपाललाई परिभाषित गरिनुपर्दछ ।
  - स्थानीय सरकारका बिषयमा निर्णय हुने प्रदेश र संघीय तहका वित्तीय आयोग जस्ता संरचनामा स्थानीय सरकार र संघ महासंघको प्रतिनिधित्व सुनिश्चित गरिनुपर्दछ ।
  - लोकतान्त्रिक संघीय संरचनामा स्थानीय सरकारको पुनसंरचनाको विषय निर्क्यौल गर्न बढी समय लाग्ने भएकाले यस प्रयोजनका लागि संविधानमा स्थानीय सरकार र स्थानीय सरकारका संघ महासंघहरु, प्रदेश सरकार र संघीय सरकार समेतको प्रतिनिधित्व रहने गरी एक उच्चस्तरीय आयोग गठन गर्ने व्यवस्था गरिनुपर्दछ ।
  - स्थानीय तहका जिल्ला, नगर र गाउँ सरकारका कार्यहरु संविधानमा नै पुनः सूचिकृत गरिनु पर्दछ ।
  - स्थानीय सरकारलाई थप अधिकार र कार्यजिम्मेवारी सम्पन्न लोकतान्त्रिक र पूर्ण समावेशी हुने व्यवस्था गरिनुपर्दछ । स्थानीय सरकारको कार्यक्षेत्रमा रहेका विषयहरु प्रदेश र संघ समेतको अधिकारक्षेत्रमा दोहोरो रुपमा

रहेकोले के कुन तहको सरकारमा रहने प्रष्ट किटान गरिनुपर्दछ । सहवर्ति अधिकार क्षेत्र संघ, प्रदेश र स्थानीय सरकार तीनवटै तहको विषय क्षेत्र बनाइनुपर्दछ ।

- संविधानमा लोपोन्मुख समुदाय लगायतको हितका लागि स्वायत्त शासन इकाईको व्यवस्था गर्दा पनि सो जाति वा जनजातिको नै गाउँ सरकार गठन गर्नु उपयुक्त हुन्छ । यस्तो व्यवस्था गर्दा त्यस्ता समुदायको माथिल्ला तहका सरकारमा प्रतिनिधित्व र राज्यबाट पाउने विशेष सुविधाको प्रत्याभूति गरिनुपर्दछ ।

- राष्ट्रपति र उपराष्ट्रपति अप्रत्यक्ष निर्वाचन प्रणालीबाट चुनिने राजनीतिक सहमति भएको खण्डमा स्थानीय सरकारका विधायिकी अंग वा पदाधिकारी समेत रहेको निश्चित मतभार हुने निर्वाचक मण्डल रहने गरी बृहत्तर लोकतान्त्रिक व्यवस्था सुनिश्चित गरिनुपर्दछ ।

- संघीय विधायिका दुई सदनात्मक हुने अवस्थामा माथिल्लो विधायिकामा कम्तिमा एक चौथाई सदस्य स्थानीय स्वायत्त सरकारबाट समेत निर्वाचन गर्ने व्यवस्था सुनिश्चित गरिनुपर्दछ ।

- प्रदेश विधायिकामा कम्तिमा एक तिहाई सदस्य स्थानीय स्वायत्त सरकारबाट समेत निर्वाचन गरी पठाउने व्यवस्था सुनिश्चित गरिनुपर्दछ ।

**स्थानीय सरकारको तहगत व्यवस्थाका सम्बन्धमा**

संघीय संरचनामा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था गरिने प्रावधान अघि सारिएको छ । स्थानीय तहका रुपमा गाउँपालिका र नगरपालिकाको व्यवस्था गरिनेछ भन्ने मान्यतामा आधारित भई संविधानसभा विषयगत समितिहरुबाट प्रारम्भिक मस्यौदा अगाडि सारिएको सन्दर्भमा केही समितिका मस्यौदामा जिल्ला तहको अदालत र प्रशासनिक संरचना रहने अवधारणा प्रस्तुत भए पनि मतैक्यता छैन ।

सञ्चार, यातायात लगायत अन्य पूर्वाधारको विकास तीव्र गतिमा भएका विश्वका प्रायजसो संघीय तथा एकात्मक राज्य प्रणाली अपनाउने मुलुकहरुमा समेत राजनैतिक, सामाजिक तथा आर्थिक विकास र सोको व्यवस्थापनका लागि माथिल्लो तहको स्थानीय सरकारहरुको व्यवस्था गरेको पाइन्छ (जस्तोः जर्मन, डेनमार्क, बेल्जियम, भारत, चीन, जापान बङ्गलादेश आदि) । निर्वाचन क्षेत्रहरुको व्यवस्थापन, तल्लो तहका स्थानीय सरकारहरुले गर्न नसकेका कार्यहरु लगायत राज्यले तल्लो तहमा पुऱ्याउनुपर्ने कार्यहरुलाई सहजरुपमा सेवा प्रवाह गर्नका लागि पनि माथिल्लो तहको स्थानीय सरकारको व्यवस्था गरेको पाइन्छ । नेपालको जटील भौगोलिक बनावट, पहिचान, प्रशासनिक सुगमता, सामाजिक तथा सांस्कृतिक मेलमिलापका हिसावले हेर्दा प्रदेश र स्थानीय सरकार वा स्थानीय तहमा बनेका स्वायत्त क्षेत्रहरुको काम कारवाही र समन्वयका हिसावले जिल्ला सरकारको आवश्यकता देखिन्छ ।

संघीय नेपालको प्रस्तावित संघीय संरचनामा जिल्ला तहबाट हाल अभ्यास भईरहेका सम्पूर्ण अधिकार तथा कार्यजिम्मेवारीहरु गाउँ तथा नगरपालिकाबाट मात्र प्रयोग हुन सक्ने अवस्था नेपालको भूगोल, भौतिक पूर्वाधारको अवस्था, नयाँ बन्ने गाउँ तहका सरकारमा अधिकार, श्रोत साधन, क्षमता विकास गर्न लाग्ने सम्भावित बढी समयका कारण केही दशकसम्म सहज छैन । अन्तर गाउँ नगर सरकार योजना समन्वय, जिल्लागत दीर्घकालीन योजना निर्माण क्षमता विकास र संक्रमणकालीन रुपान्तरणमा सहजीकरण, हाल विद्यमान जिल्ला तहका निर्मित भौतिक संरचनाहरुको समेत समुचित सदुपयोग एवम् हालसम्म प्रदान गरिदै आएका प्रशासनिक र न्यायिक सेवाहरु सहित प्रदेश भन्दा नजिकबाट प्रदान गर्नकालागि प्रदेशका साथै जिल्ला तहमा पनि जनप्रतिनिधिमूलक जिल्ला सरकारको रुपमा जिल्लापालिकालाई जिम्मेवारी दिइनु उपयुक्त हुन्छ भन्ने जिल्ला विकास समिति महासंघ नेपालको धारणा रहँदै आएको छ ।

यसका साथै गाविसहरु ठूला बनाउन हालका २ भन्दा बढी गाविसहरु मिलाउँदा समेत विगतमा जनताले नजिकबाट पाईरहेका सुविधाहरुको कटौति नगरी आर्थिक दृष्टिबाट उपयुक्त एक जना कर्मचारी सहित विगत भन्दा थोरै भए पनि वडा तहको संरचना समेत आवश्यक हुने जसमा उपभोक्ताहरु तथा तिनका समुह एवम् सामुदायिक संस्थाहरुले पनि वस्तिका विकाससम्बन्धी मागहरुको संकलन तथा प्राथमिकीकरण प्रक्रियामा सहभागी भई स्वामित्व ग्रहणगर्न सम्भव हुने र जनताको नजिकमा थप सेवा पुग्न सक्ने हुन्छ ।

त्यसैगरी राजधानी बाहिर पनि महानगरपालिका (स्वायत्त मेट्रो शहर) हरु, उपमहानगरपालिका, नगरपालिका र नगर उन्मुख गाविसहरु निर्माण गर्दा एकीकृत विकास आयोजना सहित शहरीकरण तथा दिगो विकासलाई

व्यवस्थित गर्न सकिन्छ । उपरोक्त विषयमा स्थानीय सरोकारवालाहरुसँग घनिभूत छलफलका आधारमा मात्र निर्क्यौल गरिनुपर्दछ भन्ने मत जिविस महासंघ नेपालको रहँदै आएको छ ।

**अन्त्यमा,**

संयुक्त राष्ट्रसंघका विभिन्न समयका घोषणा पत्रहरु, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, नागरिकको राजनैतिक अधिकार सम्वन्धी अभिसन्धि, स्थानीय स्वायत्त शासन सम्वन्धी यूरोपियन चार्टर आदिमा अधिकारप्राप्त स्थानीय सरकार गठनका लागि जनप्रतिनिधिविहिन स्थानीय स्वायत्त शासनको परिकल्पना गरेको छैन । नेपालको अन्तरीम संविधान २०६३ ले पनि स्थानीय सरकारको आवधिक निर्वाचन गर्नु पर्ने अनिवार्यतालाई स्पष्टसंग उल्लेख गरेको छ । स्थानीय सरकारबाट गरिने सेवा प्रवाह तथा जनप्रतिनिधिमूलक संयन्त्रबाट शासित हुन पाउने सार्वभौमसत्ता सम्पन्न जनताको संवैधानिक हक र अधिकार पनि हो । यस कुरालाई मनन गरी अन्तरिम निर्वाचनमार्फत जनप्रतिनिधिमूलक स्थानीय सरकारको गठनको अर्को कुनै उत्तम र लोकतान्त्रिक विकल्प हुनै सक्दैन ।

साथै जनताको निकट रही सेवा प्रवाह गर्ने स्थानीय स्वायत्त सरकारको संवैधानिक सुनिश्चितताले मात्र लोकतान्त्रिक संघीय गणतन्त्रात्मक व्यवस्थाका लाभहरुलाई आम जनताका माझमा पुऱ्याउन तथा राज्यप्रति जनताको अपनत्व वढाई दिगो व्यवस्थापनमा टेवा पुऱ्याउन मद्दत गर्दछ । तसर्थ  राजनीतिक दल र सरकारको यस विषयमा ध्यानाकर्षण गर्न जनताको स्तरबाट दवावमूलक कार्यक्रमको अत्यन्त जरुरी हुन्छ । तसर्थ जिल्ला विकास समिति महासंघ नेपालले उठान गरेको स्थानीय निकायहरुको यथाशिघ्र अन्तरीम निर्वाचन गर्न र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधानमा जिल्ला सरकार सहितको स्थानीय सरकारको संवैधानिक व्यवस्था गर्न  नीति निर्माता तहमा आवाज पुगोस् भन्ने ध्येयका साथ आम नागरिकको साझा चासो र सरोकारको यस मुद्दामा आफ्ना तहबाट ऐक्यबद्धता र साझा अभियानका लागि आम नागरिक, स्थानीय सरकारहरु, राजनीतिक दल, नागरिक समाज, दातृ निकायहरु, पेशागत संघसंगठनहरु, पत्रकार जगत र सम्पूर्ण बुद्धिजिवीहरुमा जिविस महासंघ नेपाल हार्दिक अपील गर्दछ ।